## आवश्यकता

हामी अनुभवी, ऊर्जाशील र आत्म-प्रेरित उम्मेदवारहरू खोजिरहेका छौं। तल उल्लेखित पदका लागि आवेदन खुला छ।

**पद** : Construction Agent
**सङ्ख्या** : भक्तपुर जिल्लाका हरेक वडाबाट १ जना
**योग्यता** : न्यूनतम +२ वा सो सरह
इच्छुक उम्मेदवारहरूले आफ्नो अद्यावधिक C.V. र प्रमाणपत्रसहित १ हप्ताभित्र आवेदन दिन सक्नुहुनेछ।

**SUBHARAMBHA CONSTRUCTION PVT. LTD.**
Suryabinayak Bhaktapur ९७६७२३५७७
Email:subharambhaconstruction@gmail.com



भ.पु.जि.प्र.का.द.नं. २६/२०५५/५६ भ.पु.जि.हु.का.द.नं. २/०७०/७१

# मजदुर

The Worker Daily दैनिक

Website : www.onlinemajdoor.com





विज्ञापनको निम्ति सम्पर्क
फोन नं ६६१९१०७
६६२०५५९



★ वर्ष : २७ ★ अङ्क : ३०२ ★ ने. सं. ११४६ कछला गा, औंसी ★ बिहीबार ★ ४ मङ्सिर, २०८२ ★ November 20, 2025, Thursday ★ मूल्य रु. ५।- ★ पृष्ठ ८


## निर्वाचन स्वच्छ, शान्तिपूर्ण र निष्पक्ष हुनुपर्नेमा जोड

काठमाडौँ, ३ मङ्सिर। प्रधानमन्त्री सुशीला कार्कीले बुधबार निर्वाचन आयोगमा दर्ता भएका दलका नेता तथा प्रतिनिधिहरूको बैठक बोलाउनुभयो।

फागुन २१ गते हुने निर्वाचन, सुशासन र सरकारको गतिविधिबारे केन्द्रित सो बैठकमा १ सय १० दलका नेता तथा प्रतिनिधिहरूको उपस्थिति थियो।

बैठकमा नेमकिपाका सचिव प्रेम सुवालले जनताको समस्या समयमै सम्बोधन नभएको कारण जेन-जी आन्दोलन भएको बताउनुभयो।

उहाँले भन्नुभयो, "राजनीति देश, जनता र समाजको निम्ति गर्ने हो। तर, शासकहरूले भ्रष्टाचार, पक्षपात गरे। सिद्धान्तहीन गठबन्धन, पदको दुरुपयोग, पैसा खर्च गरेर सत्तासीन पार्टीहरूले निर्वाचनमा चलखेलजस्ता अनैतिक कार्य गर्दा सर्वसाधारण जनतामा राजनीतिप्रति नै घृणा उत्पन्न भयो।"

निर्वाचन स्वच्छ, शान्तिपूर्ण र निष्पक्ष हुनुपर्नेमा जोड दिँदै उहाँले निर्वाचनमा पैसा बाँड्ने, झूटा आश्वासन बाँड्ने, लोभलालच देखाउने उम्मेदवारहरूको उम्मेदवारी नै खारेज हुने अध्यादेश जारी गर्नुपर्नेमा जोड दिनुभयो।

स्मरणीय छ, मङ्सिर २ गतेसम्ममा निर्वाचन आयोगमा १ सय २५ दलले दल दर्ता गरेका थिए।

## आत्मनिर्भर अर्थतन्त्र बनाउन कृषि उत्पादनमा जोड

काभ्रे, ३ मङ्सिर। नेपाल मजदुर किसान पार्टीप्रति आस्थावान किसानहरूको भेला पार्टीका केन्द्रीय सदस्य कृष्णबहादुर तामाङको उपस्थितिमा काभ्रेको तिमाल गाउँपालिकामा सम्पन्न भयो।

उक्त भेलामा केन्द्रीय सदस्य तामाङले नेपाल मजदुर किसान पार्टी स्थापनाको जग नै किसान आन्दोलनबाट भएको बताउनुभयो।

उहाँले भन्नुभयो, "देशको अर्थतन्त्र आत्मनिर्भर बनाउन कृषि उत्पादनमा जोड दिनुका साथै युवाहरूलाई देशमा नै रोजगारीको बन्दोबस्त गर्नुपर्छ। देश विकासको आधार तयार गर्न आयातमुखी अर्थतन्त्रबाट निर्यातमुखी बनाउनुपर्छ। यसको लागि युवाहरू विकृति र विसङ्गतिबाट टाढा भई अनुशासित भएर उत्पादनशील क्षेत्र कृषिमा समर्पित हुन आवश्यक छ।"

नेमकिपा वाग्मती प्रदेश सदस्य जी.पी. लासिवाले कामदार जनताको स्वर्ग भनेको समाजवादी व्यवस्था भएकोले सम्पूर्ण जनताले नि:शुल्क र अनिवार्य शिक्षा, नि:शुल्क स्वास्थ्य उपचार, युवाहरूको रोजगारीको अवसरका साथै गाँस-बास-कपासको व्यवस्थाको लागि नेमकिपाले समाजवादी व्यवस्थाबारे जनतालाई सचेत पार्ने कार्य गर्दै आएको बताउनुभयो।

उहाँले भन्नुभयो, "अहिलेसम्म सरकारमा गएका पुँजीवादी पार्टीहरूले निर्वाचनमा पैसा बाँड्ने, भोजभतेर खुवाउने र सामान बाँडी निर्वाचन जित्ने र त्यसको असुलउपर गर्न आफ्नो निर्वाचन क्षेत्रमा नगई काठमाडौँमा बसेर भ्रष्टाचार गर्दै आएकोले तिनीहरूको विरोधमा जनताले आक्रोस देखाएकोले आजको परिस्थिति सृजना भएको हो।"

उहाँले सिद्धान्त र कार्यकर्ताहरूको इमानदारिता र प्रतिबद्धता मुख्य कुरा भएको धारणा राख्दै जेन-जीको नाममा सिंहदरबार, सर्वोच्च अदालत, संसद् भवनलगायतका सम्पत्तिहरू जलाउनु र तोडफोड हुनुमा सरकारमा रहेका सबै दल र निकायहरू जिम्मेवार भएको बताउनुभयो।

कार्यक्रममा के.पी. कोजुले नेमकिपाले निर्वाचनलाई जनतालाई राजनैतिक रूपले सचेत पार्ने अवसरको रूपमा उपयोग गर्ने र निर्वाचित भएको ठाउँमा निर्वाचन घोषणापत्रअनुसार काम गरेको बताउनुभयो।

उहाँले पुँजीवादी सरकारले काम


***बाँकी पृष्ठ ८ मा***


## जनहितको काममा भएको अवरोधले विकासको गतिमा बाधा पर्ने

भक्तपुर, ३ मङ्सिर। भनपा वडा नं. ६ वडा कार्यालयको आयोजनामा बुधबार कार्यालयको सेवा प्रवाह तथा समसामयिक विषयमा जानकारी सभा भयो।

उक्त सभामा भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले भक्तपुरको सम्पदा संरक्षणले भक्तपुरलाई पर्यटकीय गन्तव्यस्थल बनाउन मद्दत पुऱ्याएको उल्लेख गर्दै 'उपभोक्ता मोडल' मा विकास निर्माणका कार्यहरू भइरहेको स्पष्ट पार्नुभयो।

भक्तपुरका जनताको एकमनको एकताले आदर्श समाज निर्माणमा सहयोग पुगिरहेको विचार व्यक्त गर्दै उहाँले मूर्त-अमूर्त सम्पदा संरक्षण गरी नयाँ पुस्तामा हस्तान्तरण गर्ने काम भइरहेको बताउनुभयो।

जनताको साथबिना नपाको विकास सम्भव नहुने स्पष्ट पार्दै प्रमुख प्रजापतिले जनहितको लागि गरेको काममा भएको अवरोधले विकासको गतिलाई पछाडि धकेल्छ भन्नुभयो।

"जनताको समस्या समाधान जनप्रतिनिधिले गर्ने हो, भीडले होइन", उहाँले भन्नुभयो।

नेपाल क्रान्तिकारी किसान सङ्घ भक्तपुर नगर समितिका अध्यक्ष गंगाराम ज्याख्वले किसान सङ्घले किसानहरूको हक हितको निम्ति आवाज उठाउँदै आएको स्पष्ट पार्दै मोहियानी हक कायम गर्न, गुठी जग्गा रैतानी गर्न किसान सङ्घले सङ्घर्ष गर्दै आएको बताउनुभयो।

किसानहरूको जीवनस्तर उठाउन, सांस्कृतिकस्तर उठाउन नेमकिपाले महत्त्वपूर्ण भूमिका निभाएको उल्लेख गर्दै उहाँले व्यक्तिगत स्वार्थ पूरा गर्न परिवार र समाज नभन्नेहरूबाट सतर्क हुनुपर्छ भन्नुभयो।




कसैले कसैलाई उक्साउने, भड्काउने कार्य बन्द गर्नुपर्नेमा जोड दिँदै उहाँले सत्य डग्दैन झूटो टिक्दैन भन्नुभयो।



भनपा वडा नं. २ का वडाध्यक्ष हरिप्रसाद बासुकलाले आवास योजना विफल पार्ने काम कसैको हितमा नभएको औंल्याउँदै सङ्घर्ष समितिको नाउँमा जनप्रतिनिधि र कर्मचारीको बदनाम गर्न खोज्नु उचित होइन भन्नुभयो।

"जनताको माग सम्बोधन गर्न आयोजना तयार छ, समाज विखण्डन गर्नेहरूदेखि सचेत हुनुपर्छ", उहाँले भन्नुभयो।

भनपा वडा नं. ६ का वडाध्यक्ष हरिराम सुवालले वडामा अरनिको सभाभवन निर्माणको काम, सुन्दरीगोपाल मन्दिर पुन:निर्माण र खानेपानी पाइप बिछ्याउने कार्य भइरहेको उल्लेख गर्दै आवास योजनासँग असम्बन्धित व्यक्तिहरूले देको मिवा आयोजनामा घुसपैठ भएर विरोध गरिरहेको बताउनुभयो।

सभामा महिला वडा सदस्य रोसनमैँया सुवालले कानुनी र व्यवहारिक ढङ्गले भनपाले जनताको समस्या हल गरिरहेको बताउनुभयो।

व्यङ्ग्यचित्रको कुनो





### महिला हिंसा अन्त्य गरौं।

❖ महिला हिंसा जहाँसुकै र जो सुकैबाट पनि हुन सक्छ, सचेत होऔं,
❖ महिलामाथि शारीरिक, मानसिक, आर्थिक र सामाजिक रुपमा हिंसा हुन सक्छ,
❖ कुनै प्रकारको हिंसा भएमा उजागर गर्ने हिम्मत गरौं,
❖ हिंसामा परे तत्काल कानूनी सहायता लिऔं,
❖ कानूनी सहायता र सहयोगका लागि महिला हेल्पलाइन (११४५) मा सम्पर्क गरौं,
❖ घर-परिवार, विद्यालय, कार्यालय र समाजमा समान व्यवहार गरौं,
❖ महिला अधिकार र सम्मानको संरक्षणमा सबै जिम्मेवार बनौं,
❖ हिंसामुक्त घर तथा समाज निर्माणमा जिम्मेवार होऔं,
❖ महिला हिंसा विरुद्ध शून्य सहनशीलता अपनाऔं।

महिला हिंसा विरुद्धको १६ दिने अभियान सफल पारौं।

नेपाल सरकार
विज्ञापन बोर्ड



### आवश्यकतासम्बन्धी सूचना

यस विद्यालयका लागि कार्यालय सहयोगी आवश्यक भएकोले आवश्यक योग्यता पुगेका सम्बन्धित कार्यमा दक्ष र इच्छुक व्यक्तिहरूबाट मिति २०८२ मङ्सिर २१ गतेभित्र आवेदन आह्वान गरिन्छ।

| क्र.स. | पद | आवश्यक सङ्ख्या | आवश्यक योग्यता | कैफियत |
|---|---|---|---|---|
| १. | कार्यालय सहयोगी (महिला) | २ | कक्षा ८ उत्तीर्ण | ४० वर्ष ननाघेको हुनुपर्ने |

**फारामका लागि सम्पर्क** : लेखा शाखा
**समय** : बिहान १०:०० बजेदेखि साँझ ३:०० बजेसम्म।

**प्रभात इङ्लिश सेकेण्डरी स्कुल**
महाकालीस्थान, ब्यासी-६, भक्तपुर
फोन नं. ०१-६६१०४३८/६६१७५१४



**नाला सेराबजार आसपासको क्षेत्र**
काभ्रेपलञ्चोकको बनेपा नगरपालिका वडा नं ४ भुइँचालो डाँडाबाट देखिएको नालास्थित सेरा बजार र आसपासको दृश्य । यो क्षेत्र तरकारी उत्पादनको लागि प्रसिद्ध छ । *तस्बिर: पेमा लामा/रासस*

# आधारभूत विद्यालय समितिबिच दौड प्रतियोगिता

भक्तपुर, ३ मङ्सिर । आधारभूत विद्यालय समितिको वार्षिक क्यालेन्डरअनुसार समाज सुधार माविको आयोजनामा मङ्गलबार दौड प्रतियोगिता सम्पन्न भयो ।

उक्त प्रतियोगितामा संयुक्त परीक्षा समिति आधारभूत विद्यालय समितिका अध्यक्ष एवम् हंसबाहिनी आधारभूत विद्यालयका प्रअ सूर्यबहादुर फोजूले भविष्यमा उत्कृष्ट खेलाडी तयार गर्न प्रतियोगिताको आयोजना गरिएको स्पष्ट पार्नुभयो ।

प्रतियोगितामा भाग लिएका विद्यार्थीले उत्कृष्ट खेल प्रदर्शनको लागि आग्रह गर्दै उहाँले आधारभूत विद्यालयको छाता सङ्गठनका रूपमा विभिन्न कार्यक्रम समन्वयात्मकरूपमा सफल पार्न जोड दिनुभयो ।

प्रतियोगिताले विद्यार्थीमा खेलप्रति अभिरुचि जगाउनुका साथै उत्सुकतापूर्ण वातावरण सिर्जना हुने विश्वास उहाँले दिलाउनुभयो ।

कार्यक्रमका सभापति एवम् आयोजक विद्यालय समाज सुधारका प्रअ जगन्नाथ प्रजापतिले अतिरिक्त क्रियाकलापलाई शिक्षण क्रियाकलापकै रूपमा लिने भएकोले यसलाई व्यवस्थित रूपमा सबै विद्यालयको सक्रिय सहभागी भएको खण्डमा विद्यालयबिच सद्भाव बढ्ने र विद्यार्थीहरूमा सुस्वास्थ्य हुन मद्दत पुग्ने धारणा व्यक्त गर्नुभयो ।

निर्णायकको तर्फबाट भक्तपुर जिल्ला एथलेटिक्स सङ्घका राधेश्याम कवांले खेल मित्रताको लागि सबैले नियमपूर्वक खेलेमा सफलता हासिल हुने स्पष्ट पार्नुभयो ।

तीन समूहमा आयोजित उक्त दौड प्रतियोगितामा कक्षा १, २ र ३ समूहको छात्रातर्फ १०० मिटर दौडमा शारदा आविका रश्मी श्रेष्ठ प्रथम, नवीन आविका जुलस खातुन द्वितीय, बालसेवक आविका सोनिया नेपाली तृतीय र भारतीय आविका सविना श्रेष्ठ र बरदायणी आविका आशिका बजगाई सान्त्वना भए । त्यसैगरी, कक्षा १, २ र ३ समूहको छात्रतर्फ १०० मिटर दौडमा निशान्त विक (बालसेवक आवि) प्रथम, विजय तामाङ (ब्रह्माचारिणी आवि) द्वितीय, निरज शाही (शारदा आवि) तृतीय र मारुती खाम्चा (हंसबाहिनी आवि) तथा लक्की घले (दत्तात्रय आवि) सान्त्वना भएका थिए ।

कक्षा ४ र ५ समूहमा २०० मिटर दौड प्रतियोगिताअन्तर्गत छात्रातर्फ शिरीसा न्याईच्याई (गणेश मावि), ज्योति बिक (शारदा मावि), सुजाता कार्की (भीम आदर्श आवि) र रेखा सुनार (उदय मावि) तथा शान्ति आलेमगर (सन्तति आवि) क्रमशः प्रथम, द्वितीय, तृतीय र सान्त्वना भएका थिए । सोही समूहको छात्रतर्फ २०० मिटर दौडमा सुप्रिन्स सिलाकार (गणेश मावि) प्रथम, राजु घले (तारा मावि) द्वितीय, सुरेश आलेमगर (सन्तति आवि) तृतीय र आयुस सुनार (उदय आवि) तथा सुशील राजचल (समाज सुधार मावि) सान्त्वना भएका थिए ।

कक्षा ६,७ र ८ समूहको छात्रतर्फ ४०० मिटर दौड प्रतियोगितामा ज्ञान विजय आविका सुवास गुरुङ प्रथम, समाज सुधार माविका खुश्बुदिन मंसुर द्वितीय, तारा माविका अनुप दंगाल तृतीय र गणेश माविका प्रज्ज्वल माझी सान्त्वना भएका थिए । सोही समूहअन्तर्गत छात्रातर्फ ४०० मिटर दौडमा कृतिका ध्वजू (नवीन आवि) प्रथम, महिमा पण्डित (समाज सुधार मावि) द्वितीय र मनिषा सिन्ताकल (गणेश मावि) सान्त्वना भएका थिए ।

सफल विद्यार्थीहरूलाई आधारभूत विद्यालय समितिको निर्णायकमण्डलका सदस्यका रूपमा राधेश्याम कवां, रमेश ध्वजू, सुनिल त्वायना र सुरेन्द्र ग्वाछाले सहयोग गर्नुभएको थियो ।

समाज सुधार माविका शिक्षक कृष्णप्रसाद सुवालले पनि बोल्नुभएको थियो ।

# राष्ट्रिय बालअधिकार आयोग स्थापनाको माग

काठमाडौँ, ३ मङ्सिर । बालअधिकारका जानकारहरूले बालबालिकाको अधिकार संरक्षण तथा नियमनलाई प्रभावकारी बनाउन राष्ट्रिय बालअधिकार आयोग गठन गर्नुपर्नेमा जोड दिनुभएको छ ।

बुधबार यहाँ आयोजित सिवीन नेपालको ३८ औँ वार्षिकोत्सव कार्यक्रमका सहभागीहरूले बालबालिकाको हकअधिकारकाका लागि विद्यमान संरचनाबाट प्रभावकारी काम हुन नसकेको गुनासो गर्दै उहाँहरूले अधिकार सम्पन्न आयोग गठनको माग गर्नुभयो ।

सिवीनका नेपालका संस्थापक अध्यक्ष एवं मानव अधिकार आयोगका पूर्वसदस्य गौरी प्रधानले नेपालको संविधानमा बालअधिकार सम्पन्न मौलिक हक भए पनि कार्यात्वयन पक्ष प्रभावकारी नरहेको बताउनुभयो । उहाँका अनुसार बालबालिकाका लागि सहायता कक्ष (हेल्पडेक्स) देशभरि विस्तार गर्दै जानुपर्छ । "हामीले हेल्पडेक्सलाई देशभर पहुँच विस्तार गर्न सकिरहेका छैनौँ", उहाँले भन्नुभयो, "राज्य बालबालिकाको भविष्यप्रति संवेदनशील हुनुपर्छ । यसका लागि महिला तथा बालबालिका मन्त्रालयमा पर्याप्त लगानी गर्नुपर्छ ।"

राष्ट्रिय बालअधिकार परिषद्का सदस्यसचिव इन्दिरदेवी ढकालले बालबालिकामा लगानी गर्नु भनेको भोलिको सक्षम राष्ट्र निर्माणमा लगानी गर्नुजस्तै महत्त्वपूर्ण र उपलब्धिमूलक रहेको धारणा राख्नुभयो । उहाँले हेल्पलाइन डेक्सलाई विस्तृत बनाउँदै बालबालिकाको शैक्षिक, शारीरिक र मानसिक स्वस्थ्य वृद्धि र विकासका कार्यक्रममा जोड दिनुपर्ने बताउनुभयो ।

कार्यक्रममा यस वर्ष टोखा नगरपालिकाले बालमैत्री कार्यक्रम सञ्चालन गरेको अवसरमा टोखालाई उत्कृष्ट बालमैत्री नगरपालिकाका रूपमा सम्मान गरिएको छ । नगरप्रमुख प्रकाश अधिकारीले सम्मान ग्रहणपछि आफ्नो नगरपालिकामा बालबालिकाको हितमा खुलेर लगानी गर्ने र जिम्मेवारपूर्ण कर्तव्य निर्वाह गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

चन्द्रागिरि नगरपालिकाका उपप्रमुख वसन्ती श्रेष्ठले चन्द्रागिरिलाई मङ्सिरभित्र बालश्रम मुक्त नगरपालिका घोषण गर्ने योजना रहेको जानकारी दिनुभयो । कार्यक्रममा राष्ट्रिय किशोरी सञ्जालका अध्यक्ष अनुष्का न्यौपाने र राष्ट्रिय किशोर सञ्जालका उपाध्यक्ष इमोन महर्जनले बालबालिकाले सही लागनी र उचित वातावरण पाए प्रतिभा विकसित हुन सहज हुने अनुभव सुनाउनुभयो ।

सिवीनका अध्यक्ष माधव प्रधानले अझै पनि बालबालिकालाई समान अधिकार वितरण गर्नबाट राज्य चुकिरहेको बताउनुभयो । **(रासस)**

**स्कुटर हराएको सूचना**

मिति २०८२/०५/२४ गते प्रहरी बिट कार्यालय भक्तपुर ठिमीमा जेन्जी विरोध प्रदर्शनको क्रममा म डिनु सिङ्ग कार्कीको नाउँमा दर्ता रहेको स्कुटर पुरानो ठिमीमा दुर्घटना भई प्रहरी बिट कार्यालयमा राखिएकोमा भोलिपल्ट फेला नपरेको (हराएको/जलेको) व्यहोरा जानकारी गराउँदै उक्त स्कुटर भेटिएमा ९८१९३२११०३ नं. मा सम्पर्क गर्नुहुन अनुरोध छ ।

**मोडल** : RAY ZR125 DRUM HYBRID (RED)
**दर्ता नं.** बा प्र ०२-०५५ प ६७५४
**च्यासीस नं** ME1SEK76CR0019942
**इन्जीन नं.** E33SE0835273
**सम्पर्क नं.** ९८१९३२११०३

**माइग्रेसन सर्टिफिकेट हराएको सूचना**

मिति २०८२/०५/०४ का दिन भक्तपुरको पुरानो ठिमीदेखि कमलविनायक जाने क्रममा मेरो १२ कक्षाको माइग्रेसन सर्टिफिकेट हराएको हुँदा भेटाउनुहुने महानुभावले देहायको मो.नं. वा नजिकैको प्रहरी कार्यालयमा सम्पर्क गर्नुहोला ।

**नाम** : करिणा प्रजापति
**रजिस्ट्रेसन नं.** : ७६२६०४३९९
**सिम्बोल नं.** : २२६००६५८
**सिरियल नं** : ४४०१५२
**सम्पर्क नं.** : ९८६३४४३३४१

# युवाहरूको विद्रोही भावनालाई गन्तव्यमा नपुऱ्याएमा क्षति भोग्नुपर्ने



भक्तपुर, ३ मङ्सिर । नेपाल क्रान्तिकारी युवा सङ्घ भक्तपुर नगर समितिको आयोजनामा मङ्गलबार अक्टोबर क्रान्ति तथा समसामयिक विषयमा प्रशिक्षण कार्यक्रम सम्पन्न भयो ।

कार्यक्रममा नेमकिपाका केन्द्रीय सदस्य रवीन्द्र ज्याख्वले युवाहरूको विद्रोही भावनालाई निश्चित गन्तव्यमा नपुऱ्याएमा क्षतिसहित पश्चाताप भोग्नुपर्ने बताउँदै पुँजीपतिहरूको धुर्त्याइँ र चतुर्याइँले कम्युनिस्टहरूको समाजवादी आन्दोलनमा असर पुग्ने बताउनुभयो ।

उहाँले लोककल्याणकारी नाम बोकेका एनजीओ तथा आईएनजीओजस्ता संस्थाहरूले जनताको आँखामा छारो हाली सरकार परिवर्तन गर्ने र व्यवस्था परिवर्तनको नाममा देश नै विदेशीको हातमा सुम्पिन सक्ने हुँदा हामी जनता सचेत हुनुपर्ने बताउनुभयो ।

नेपाल क्रान्तिकारी युवा सङ्घका केन्द्रीय अध्यक्ष तथा जिल्ला अध्यक्ष मिनबहादुर बाटाले अक्टोबर क्रान्तिको माध्यमबाट भौतिक विकाससँगै सांस्कृतिक विकाससमेत भएको बताउँदै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय अनुकूल वातावरणमा मात्र समाजवादी क्रान्ति सफल हुने बताउनुभयो ।

नेपाल क्रान्तिकारी किसान सङ्घ, भक्तपुर नगर समितिका अध्यक्ष गङ्गाराम ज्याख्वले नेमकिपाले किसानवर्गको हितका लागि गरेको बाली काट्ने आन्दोलन, भर्पाई आन्दोलनजस्ता किसान सङ्घर्षबारे चर्चा गर्दै आफन्त र नातावादको पक्षभन्दा सत्य र न्यायको पक्षमा बोल्नुपर्ने बताउनुभयो ।

नेपाल क्रान्तिकारी युवा सङ्घ, भक्तपुर नगर समितिका अध्यक्ष जगतराम धुख्वाको सभापतित्वमा भएको उक्त कार्यक्रममा रामेश्वर मचामसीले पनि बोल्नुभएको थियो ।

# अन्तर्राष्ट्रिय खगोल ओलम्पियाडमा नेपाली विद्यार्थीलाई कास्य पदक

काठमाडौँ, ३ मङ्सिर । अन्तर्राष्ट्रिय खगोल ओलम्पियाडमा नेपाली विद्यार्थीले कास्य पदक हात पारेका छन् । बङ्गलादेशको राजधानी ढाकामा आयोजित २९ औँ ओलम्पियाड प्रतियोगितामा सेन्ट जेभियर्स स्कुल, गोदावरीका कक्षा १० मा अध्ययनरत सौर्यम श्रेष्ठले नेपालका लागि उक्त पदक हात पारेका नेपाल एष्ट्रोनोमिकल सोसाइटी (नासो) ले जनाएको छ । प्रतियोगिता बङ्गलादेशको राजधानी ढाकामा गत कार्तिक २० गतेदेखि २९ गतेसम्म सञ्चालन भएको थियो ।

सोसाइटीले सन् २०१८ देखि अन्तर्राष्ट्रिय खगोल ओलम्पियाडमा सहभागिता जनाउँदै आएको अध्यक्ष सुरेश भट्टराईले राससलाई जानकारी दिनुभयो । उहाँका अनुसार नेपालले यसअघि सन् २०१९ र २०२३ मा पनि कास्य पदक प्राप्त गरेको थियो ।

नासोले अन्तर्राष्ट्रिय खगोल ओलम्पियाड सहभागी हुनुपूर्व नेपालमा राष्ट्रिय एष्ट्रोनोमी ओलिम्पियाडको आयोजना गर्दै आएको छ । राष्ट्रिय ओलम्पियाडको छनोटमा परेका उत्कृष्ट विद्यार्थीले मात्र अन्तर्राष्ट्रिय खगोल ओलम्पियाडमा सहभागी हुन पाउने छन् । नेपालमा राष्ट्रिय एस्ट्रोनोमी ओलिम्पियाड सन् २०१४ देखि सुरु गरिएको हो ।

**के हो एष्ट्रोनोमी ओलिम्पियाड ?**

राष्ट्रिय एस्ट्रोनोमी ओलिम्पियाड एक शैक्षिक प्रतियोगिता हो, जसले प्रारम्भिकस्तरमा प्रतिभा पहिचान गर्ने उद्देश्य राख्छ । यस प्रतियोगितामा उत्कृष्ट प्रदर्शन गर्ने विद्यार्थीलाई अन्तर्राष्ट्रिय प्रतियोगितामा सिफारिस गरिन्छ ।

सन् २०१४ देखि सञ्चालन हुँदै आएको ओलम्पियाडमार्फत हालसम्म तीन हजारभन्दा बढी विद्यार्थीले आफ्नो क्षमता परीक्षण गरिसकेका नासोका अध्यक्ष भट्टराईले जानकारी दिनुभयो । उहाँका अनुसार उत्कृष्ट ठहरिएका विद्यार्थी देश तथा विदेशका प्रतिष्ठित विश्वविद्यालयमा विज्ञान विषयमा अध्ययनरत छन् ।

ओलम्पियाड प्रतियोगिता कक्षा ८ देखि १२ सम्म अध्ययनरत १३-२० वर्ष उमेर समूहका विद्यार्थीलाई लक्षित गरी सुरु गरिएको हो । कनिष्ठ तथा वरिष्ठ विधामा विभाजन गरी नासोले सातै प्रदेशमा छनोट परीक्षा सञ्चालन गर्दै आएको छ । उत्कृष्ट विद्यार्थीलाई अन्तर्राष्ट्रियस्तरमा नेपालको प्रतिनिधित्व गर्ने अवसर प्रदान गर्दै आइएको नासोले जनाएको छ । **(रासस)**

# दान गरिएको आँखा प्रत्यारोपण

भक्तपुर, ३ मङ्सिर । ऐतिहासिक, सांस्कृतिक नगर नगदेशस्थित ढोकासीटोल निवासी, नगदेशका ज्येष्ठ उपासक तुइसिं बाडेको देहावसान भएपश्चात् तिलगङ्गा आँखा अस्पतालका चिकित्सकहरूको सहयोगबाट दुइटै आँखा दान गर्ने कार्य सम्पन्न भयो ।

सो दान गरेको आँखामध्ये एउटा आँखा ललितपुरको धापासी निवासी महर्जन थरका ३९ वर्षका युवकलाई प्रत्यारोपण गरियो भने अर्को आँखा काभ्रेको धुलिखेल निवासी बाडे श्रेष्ठ थरका ५६ वर्षीय व्यक्तिलाई सफल प्रत्यारोपण गरिएको थियो । नगदेश बौद्ध समूहले मृतक तुइसिं बाडेको सद्गति र निर्वाणको कामना गरेको छ ।

# दाहसंस्कारका लागि कति समय कुर्नुपर्ला ?

काठमाडौँ, ३ मङ्सिर । पशुपति आर्यघाट परिसरस्थित विद्युतीय शवदाह गृहमा दाहसंस्कारका लागि कति समय कुर्नुपर्ला ? तपाईंलाई लाग्दो हो पालो पर्खन नपर्ला । तर शवदाह गृह सञ्चालनको जिम्मा पाएको पशुपति क्षेत्र विकास कोषका कारण पछिल्ला केहीदिनयता कम्तीमा तीनदेखि चार घण्टासम्म शवदाहका लागि लाइनमा राख्नुपर्ने बाध्यता देखिएको छ ।

विद्युतीय गृहमा मङ्गलबार साँझ ६:३० बजेसम्म करिब ११ शवदाह गरिएका कोषले जनाएको छ । "विदेशबाट शव ल्याउन तीन हप्ता लाग्यो, यहाँ चार घण्टा लाइन बस्दा के हुन्छ ? घाटको उचित व्यवस्थापन कहिले होला ?", मृतकका एक आफन्तले पालो कुर्दै प्रश्न गर्नुभयो । केही आफन्तजनले आफूहरूले शवदाहका लागि पाँच घण्टासम्म कुर्नुपरेको गुनासो गरेका गरेका छन् ।

कोषका निमित्त सदस्यसचिव शुभाषचन्द्र जोशीले भन्नुभयो, "विद्युतीय शवदाह गृहका उपकरणमध्ये एकमात्र सञ्चालनमा रहेकाले दाहसंस्कारका लागि लाइनमा बस्नुपर्ने बाध्यता आएको हो । बिग्रिएका विद्युतीय शवदाह उपकरण मर्मतका लागि कोषले केही प्रयास गरेको छैन ? भन्ने जिज्ञासामा उहाँले भन्नुभयो, "आशा गरौँ छिट्टै नतिजा आउला ।"

केहीले आर्यघाटमा शवदाह गर्न निकै लामो लाइन कुर्नुपर्ने भएकाले आफूहरूले विद्युतीय शवदाह गृहमा शव ल्याएको बताएका छन् । पछिल्ला दिनमा विशेष गरेर विविध कारणले विदेशमा मृत्यु भएकाको विद्युतीय शवदाह गृहमा संस्कारदाह हुँदै आएको कोषले जनाएको छ ।

पशुपति आर्यघाटमा शवको दाहसंस्कार गरेबापत् दाउराबाट जलाउने घाटमा रु. १५ हजार र विद्युतीय शवदाह गृहमा रु. चार हजार शुल्क तोकिएको छ । करिब रु. ११ करोडको लागतमा बनेको विद्युतीय शवदाह गृह विसं २०७२ माघ १० गतेदेखि सञ्चालनमा आएको हो । विद्युतीय शवदाह गृहमा एउटा शव जलन कम्तीमा ४५ मिनेट लाग्ने जनाइएको छ । यसैबिच, विद्युतीय शवदाह गृह भवन र परिसरमा रहेका शौचालय सेवाग्राहीले प्रयोग गर्ने अवस्थामा छैनन् । नाक, मुख थुनेर शौचालय प्रयोग गर्नुपर्ने अवस्था रहेको सेवाग्राहीको भनाइ छ । ***(रासस)***

# मोटरसाइकल चोरीमा संलग्न तीन जना पक्राउ

काठमाडौँ, ३ मङ्सिर । ट्राफिक प्रहरीले मोटरसाइकल चोरीमा संलग्न तीन जनालाई पक्राउ गरेको छ । काठमाडौँ उपत्यका ट्राफिक प्रहरी कार्यालयको टोलीले काठमाडौँका विभिन्न स्थानबाट मोटरसाइकल चोरी गर्ने तीन जनालाई पक्राउ गरी बुधबार सार्वजनिक गरेको हो ।

मकवानपुर घर भई ललितपुर बस्ने २० वर्षीय प्रशान्त खत्री, मकवानपुरकै २७ वर्षीय समिर रुम्बा र मकवानपुरका २७ वर्षीय निमा रुम्बालाई पक्राउ गरी बुधबार सार्वजनिक गरिएको कार्यालयका प्रवक्ता एवं प्रहरी उपरीक्षक नरेशराज सुवेदीले जानकारी दिनुभयो । उहाँका अनुसार खत्रीलाई काठमाडौँको तारकेश्वर नगरपालिकास्थित पुरानो गुह्येश्वरीबाट र रुम्बाद्वयलाई कीर्तिपुरबाट पक्राउ गरिएको हो ।

ट्राफिक प्रहरीले आफ्नो सवारीसाधन सुरक्षित स्थानमा पार्किङ गर्न, 'ह्विल' तथा 'चेनलक', 'ह्यान्डिल' र 'डिस्कलक', सुरक्षा साइरनहरू जडान गर्न तथा मानिसको आवतजावत नहुने एकान्त स्थानमा पार्किङ नगर्न सबैलाई अनुरोध गरेको छ । कार्यालयले सवारीसाधन हराएमा ट्राफिक प्रहरीको हटलाइन नम्बर १०३, नेपाल प्रहरीको हटलाइन नम्बर १०० मा तत्कालै आफ्नो साधनको विवरणसहित फोन गर्न र नजिकैको प्रहरी कार्यालयमा निवेदन दिन सकिने जनाएको छ । ***(रासस)***

# माथिल्लो मुस्ताङ जान विदेशीलाई दैनिक ५० डलर शुल्क

मुस्ताङ, ३ मङ्सिर । नेपाल-चीन उत्तरी कोरला नाकासँग सिमाना जोडिएको उपल्लो मुस्ताङ भ्रमण गर्ने विदेशी नागरिकका लागि दैनिक ५० अमेरिकी डलर शुल्क लाग्ने भएको छ ।

सरकारका प्रवक्ता एवं सञ्चार तथा सूचना प्रविधिमन्त्री जगदीश खरेलले मन्त्रिपरिषद्को निर्णय सार्वजनिक गर्दै उक्त जानकारी दिनुभयो । उहाँले अध्यागमन नियमावली, २०५१ को अनुसूची १२ मा हेरफेर गर्ने गरी उक्त निर्णय गरिएको बताउनुभयो ।

उक्त निर्णयसँगै उपल्लो मुस्ताङ भ्रमण गर्ने विदेशी नागरिकले अब १० दिनको पदयात्रा अनुमतिका लागि एकमुष्ट ५०० अमेरिकी डलर बुझाउने पर्ने बाध्यता हटेको छ । अब मुस्ताङ भ्रमण गर्ने विदेशीले माथिल्लो मुस्ताङमा जतिदिन बस्छन् त्यति दिनको मात्रै पैसा तिरे पुग्नेछ ।

यसअघि माथिल्लो मुस्ताङ प्रस्थान गर्ने विदेशी पर्यटकले कम्तीमा १० दिनका लागि ५०० अमेरिकी डलर पदयात्रा शुल्क बुझाउनुपर्ने व्यवस्था थियो । माथिल्लो मुस्ताङमा १० दिनको एकमुष्ट पदयात्रा शुल्क तिरेर गएका विदेशी नागरिकहरूले १० दिन कटेपछि प्रतिदिन प्रतिव्यक्ति ५० डलर शुल्क बुझाउँदै आएका थिए ।

लोघेकर दामोदरकुण्ड गाउँपालिका अध्यक्ष लोप्साङ छोम्फेल विष्टले आफूहरूको माग माथिल्लो मुस्ताङलाई निषेधित तथा नियन्त्रित क्षेत्रको सूचीबाटै हटाउनुपर्ने माग रहेपनि सरकारको उक्त निर्णयले आशिंक रूपमा भए पनि माग सम्बोधन भएको बताउनुभयो । लोमान्थाङ गाउँपालिकाका अध्यक्ष टसीनर्बु गुरुङले पनि सरकारको उक्त निर्णय सकारात्मक भएको बताउनुभयो ।

अन्नपूर्ण संरक्षण क्षेत्र आयोजनाअन्तर्गतको उपल्लो मुस्ताङ क्षेत्रलाई सरकारले निषेधित तथा नियन्त्रित क्षेत्रको सूचीमा राखेको छ । त्यहाँ जाने विदेशी पर्यटकहरूका लागि पदयात्रा शुल्क महँगो भएकाले अधिकांश विदेशी पर्यटकहरू कागबेनी र मुक्तिनाथबाट फर्किने गरेका थिए । बर्सेनि झण्डै डेढ लाख विदेशी पर्यटक मुस्ताङ भित्रिँदा करिब तीन वा चार प्रतिशत मात्रै विदेशी पर्यटक माथिल्लो मुस्ताङ जाने गरेका थिए । ***(रासस)***



**निर्माणाधिन लमजुङ दरबार**

लमजुङको बेसीसहर नगरपालिका-३ स्थित गाउँसहरमा निर्माणधिन लमजुङ दरबार । यस दरबारको पुनर्निर्माण कार्य थालनी गरेको चार वर्ष बढी हुँदा समेत अझै निर्माण सम्पन्न भएको छैन भने यतिबेला महिनौँदेखि निर्माण कार्य ठप्प रहेको छ । *तस्बिर : जनक श्रेष्ठ/रासस*

# अरनिको राजमार्ग : धुलिखेल-खावा सडक पुन:विस्तार गर्न सम्झौता

काभ्रेपलाञ्चोक, ३ मङ्सिर । अरनिको राजमार्गअन्तर्गत काभ्रेपलाञ्चोकस्थित धुलिखेल-खावा सडकखण्डको रोकिएको स्तरोन्नति योजनालाई बढाउन पुन: प्रक्रिया थालिएको छ । यसका लागि नयाँ निर्माण कम्पनीसँग हालै मात्र सम्झौताकार्य सकिएको डिभिजन सडक कार्यालय भक्तपुरले जनाएको छ ।

कार्यालयका अनुसार १४ महिनामा काम सम्पन्न गर्नेगरी पुन: ठेक्का आह्वान गरी निर्माण कम्पनीसँग सम्झौता गरिएको हो । भ्याटबाहेक रु. ३१ करोड ५६ लाखमा ठेक्का सम्झौता भएको कार्यालयका प्रमुख सिनियर डिभिजनल इन्जिनियर सुमन योगेशले बताउनुभयो । उहाँका अनुसार पहिलो चरणमा आगामी चैतसम्ममा फराकिलो स्थानमा कालोपत्रे सक्ने र बाँकी अन्य बाँकी काम क्रमश: गर्दै निर्धारित समयमा सकिने छ । यसअघि निर्माणमा ढिलासुस्ती गर्दा तीन वर्षदेखि राजमार्गको यात्रा कष्टकर बन्दै आएको छ । भक्तपुरले चालु आर्थिक वर्षको सुरुआतसँगै पुन:विस्तारकार्य गर्न बोलपत्र आह्वान गरेको थियो । कार्यालयले पुरानो ठेक्का रद्ध गरेको साडे चार महिनापछि साउनमा पुन: बोलपत्र आह्वान गरेको हो । चार किलोमिटर लामो उक्त सडकखण्ड अबको नयाँ निर्माण कम्पनीले समयमै सम्नेमा आशावादी भएको योगेशको भनाइ छ ।

उक्त सडक तोकिएको समयमा निर्माण सम्पन्न नभएको जनाउँदै कार्यालयले गौरी-पार्वती निर्माण सेवा कम्पनीसँगको ठेक्का रद्द गरेलगत्तै निर्माण व्यवसायीले उच्च अदालत पाटनमा मुद्दा हालेका थिए । उक्त मुद्दा गत असार २५ गते खारेज भई अदालतको आदेशानुसार पुन:ठेक्का खोल्ने प्रक्रिया अघि बढाइएको योगेशले बताउनुभयो । उहाँका अनुसार त्यतिबेला कम्पनीले लिखित स्पष्टीकरण दिएपनि सन्तोषजक, भरपर्दो विश्वसनीय नदेखिएपछि ठेक्का रद्द गर्ने निष्कर्षमा पुगिएको थियो ।

अरनिको राजमार्गहुँदै नेपालको चिनसँगको उत्तरी नाका अर्थात् सिन्धुपाल्चोकको तातोपानी तथा छिमेकी जिल्ला दोलखा, रामेछापलगायतका जिल्लातर्फ जाने मुख्य सडकको रूमिासमेत रहेको उक्त राजमार्ग समयमै नबन्दा यात्रु धुलो, हिलो, ट्राफिक जाम र दुर्घटनाको जोखिमबिच यात्रा गर्न बाध्य हुनुपरेको छ । जिल्ला सदरमुकाम धुलिखेलदेखि-खावासम्मको सडक विस्तारको काम उक्त कम्पनीले विसं २०७९ जेठ २० मा २२ महिना अर्थात् २०८० चैत १९ गतेभित्र बनाइसक्नुपर्ने गरी रु. २० करोड १९ लाख ४६ हजार ५०१ मा ठेक्का लिएको थियो । हालसम्म धुलिखेल बसपार्कदेखि जिपलाइनसम्म डाँडा कटिङको काम मात्रै भएको छ भने केही स्थानमा नाली तथा ड्रेन-वाल लगाउने काम मात्रै भएको छ । जिपलाइन स्थानदेखि तल खावासम्मको करिव सडकमात्रै भत्काइएको तर एक किलोमिटर भागमा कटिङ नै बाँकी रहेको छ । २०८१ जेठमा धुलिखेलतर्फबाट बेश, सब-बेश हाल्ने काम सुरु गरिएपनि पटकपटकको वर्षामा सबै बगाएर खण्डहरझैँ बनाएको थियो ।

करिब चार वर्षसम्म उक्त सडक नबनी अलपत्र अवस्थामा रहँदा यो वर्षायाममासमेत यात्रुले निकै सास्ती खेप्नुपरेको थियो । निर्माणमा आलटाल गर्दै आएका कारण समयसीमा सकिएको ११ महिना बितिसक्दा पनि ठेकेदार कम्पनीले २५ प्रतिशतसमेत निर्माणको काम सकेको थिएन । पछिल्लो वर्षदेखि उक्त सडकखण्डको निर्माणको काम ठप्पप्राय: नै थियो । सम्झौताको समयसीमा सकिएको ११ महिनापछि कार्यालयले गतसाल फागुन १५ गते स्तरोन्नतिको जिम्मा लिएको गौरी-पार्वती निर्माण सेवासँगको ठेक्का रद्द गरेको हो ।

यसैबिच स्रोत सुनिश्चित भई पनि नयाँ ठेक्कामा गएपछि सडक पक्की गर्न केही महिना लाग्ने भएकोले सवारी साधन र यात्रुलाई सहज बनाउन खाल्डाखुल्डी पुर्ने काम गरिएको कार्यालयले जनाएको छ । "अब नयाँ ठेक्काको प्रक्रिया अन्तिम चरणमा पुगेको छ, यही मङ्सिरदेखि सुरु हुने भएकाले सवारी साधन तथा यात्रुलाई सहजताका लागि समयसमयमा खाल्डाखुल्डी पुर्ने काम गर्दै आएका छौँ", योगेशले भन्नुभयो । सडक निर्माणको काम समयमा नसकिँदा पुननिर्माणका लागि भत्काइएको सडकमा सयौँ दुर्घटना हुँदा यात्री घाइते भइसकेको छन् । केही वर्षदेखि जीर्ण बन्दै आएको धुलिखेल-खावा सडकखण्डलाई १२ मिटरको फराकिलो बनाई कालोपत्रे गर्न लागिएको थियो ।

उक्त सडकमा गुड्ने मालवहाक सवारीको भारवहन क्षमतालाई मध्यनजर गर्दै बलियो बनाउन कार्यालयले नेपालमा नै पहिलोपटक ग्राभेलमाथि २० सेन्टिमिटर बाक्लो सिमेन्ट मिसाइएको बेस हाल्ने तथा दुई चरणको कालोपत्रे डिबिएम र आस्फाल कालोपत्रे गर्ने योजना बनाएको छ । ***(रासस)***

# वाग्मतीमा पुँजीगत खर्च निराशाजनक

वाग्मती, ३ मङ्सिर । वाग्मती प्रदेशको पुँजीगत खर्चमा उल्लेखनीय वृद्धि हुन सकेको छैन । चालु आर्थिक वर्षको प्रथम चार महिनामा कुल बजेटको सात दशमलव २७ प्रतिशत मात्र खर्च भएको छ ।

आर्थिक मामिला तथा योजना मन्त्रालयका सूचना अधिकारी सुरज पौडेलका अनुसार चालु आवका लागि प्रदेश सरकारले रु. ६७ अर्ब ४७ करोड ७३ लाख २७ हजारको बजेट ल्याएकामा चार महिनामा कुल बजेटको सात दशमलव २७ प्रतिशत अर्थात् रु. चार अर्ब ९० करोड ३५ लाख ८६ हजार खर्च भएको छ ।

विनियोजित बजेटमध्ये सबैभन्दा बढी प्रदेशसभा सचिवालयले २७ प्रतिशत, प्रदेश लोकसेवा आयोगले २० दशमलव ९२ प्रतिशत, मुख्य न्यायाधिवक्ताको कार्यालयले १८ प्रतिशत, प्रदेश नीति तथा योजना आयोगले १६ दशमलव ९१ प्रतिशत, श्रम, रोजगार तथा यातायात मन्त्रालयले १६ दशमलव ६३ प्रतिशत र स्वास्थ्य मन्त्रालयले १६ दशमलव ३७ प्रतिशत बजेट खर्च गरेको छभने सबैभन्दा कम संस्कृति तथा पर्यटन मन्त्रालयले एक दशमलव १४ प्रतिशत बजेट खर्च गरेको छ । ***(रासस)***


## वागीश्वरी माध्यमिक विद्यालय

च्याम्हासिङ्ग, भक्तपुर-९

## आवश्यकतासम्बन्धी सूचना

**(प्रथम पटक प्रकाशित मिति : २०८२।०८।०४)**

यस विद्यालयमा रिक्त रहेका तपसिलअनुसार प्रा.वि./नि.मा.वि. दरबन्दीमा शिक्षक र निजी स्रोतमा कम्प्युटर अपरेटर पदपूर्ति गर्नुपर्ने भएकोले इच्छुक योग्यता पुगेका नेपाली नागरिकहरूले यो सूचना प्रकाशित भएको मितिले शिक्षकको हकमा शिक्षक सेवा आयोग करार सूचीमा रहेकालाई ७ दिनभित्र र करार सूचीमा रहेका उम्मेदवार नभए थप ७ दिनभित्र खुला रूपमा र कम्प्युटर अपरेटरको हकमा १५ दिनभित्र विद्यालय प्रशासनबाट रु.१००। तिरी प्राप्त गरेको आवेदन फारम भरी शैक्षिक योग्यताको प्रमाणपत्र, स्थायी अध्यापन अनुमतिपत्र, तालिम तथा नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि र परीक्षा दस्तुरसाथ बुझाउनु हुन यो सूचना प्रकाशित गरिएको छ ।

| पद | पद सङ्ख्या | न्यूनतम शैक्षिक योग्यता | उमेर | परीक्षाको किसिम | परीक्षा शुल्क रू. | ग्राह्यता |
|---|---|---|---|---|---|---|
| प्रा.वि.शिक्षक (करार दरबन्दी) | २ | माध्यमिक शिक्षा परीक्षा (कक्षा १२) वा सो सरह उत्तीर्ण | १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको | लिखित, प्रयोगात्मक र अन्तर्वार्ता | ५००। | |
| नि.मा.वि. गणित विज्ञान विषय शिक्षक (करार दरबन्दी) | १ | सम्बन्धित विषयमा माध्यमिक शिक्षा परीक्षा (कक्षा १२) वा सो सरह उत्तीर्ण | | | ७००। | |
| कम्प्युटर अपरेटर (निजीस्रोत) | १ | प्लस टु वा सो सरह उत्तीर्ण गरी कम्प्युटरसम्बन्धी तालिम प्राप्त । | | प्रयोगात्मक र अन्तर्वार्ता | ३००। | Office Package मा दक्षता हासिल गरी नेपाली र अङ्ग्रेजी टाइपिङमा निपुण |

फोन नं. ०१-६६१४३९१, ६६१०२७०

शिक्षक छनोट समिति

। सम्पादकीय ।

# अमेरिकाकै कारण विश्वका जनता आतङ्कित र असुरक्षित

संयुक्त राज्य अमेरिका आफ्नो राजनीतिक व्यवस्थाभन्दा भिन्न विचारका देशमाथि आक्रमण गर्ने, नाकाबन्दी गर्ने र आन्तरिक द्वन्द्व बढाएर कमजोर पार्ने काममा अगाडि छ । अरु देशमा आक्रमण गर्नको निम्ति अमेरिका अनावश्यक निहुँ खोज्छ; नानाथरीको आरोप लगाउँछ । कहिले शान्ति सुरक्षा त कहिले मानव अधिकारको हवाला दिँदै सार्वभौम तथा स्वाधीन देशहरूमा आक्रमण गर्छ; हस्तक्षेप गर्छ र दबाब दिन्छ । इराकमा आक्रमण गर्न उसले आणविक हतियार सार्वजनिक गर्न दबाब दियो । तर, उसको चाहना इराकमा आणविक शक्ति कति छ भन्ने होइन त्यहाँको पेट्रोलियम पदार्थ हातमा लिनु हो । आखिर अमेरिकालगायत अन्य साम्राज्यवादी देशहरू मिलेर इराकमा हवाई, स्थल र जल युद्ध गरियो, त्यहाँका राष्ट्रपति सद्दाम हुसेनलाई फाँसी दिएर सत्ता हत्याइयो । अफगानिस्तान, लिवियामा पनि त्यस्तै गरियो । अहिले अमेरिकाको ध्यान भेनेजुयलामा गएको छ । अमेरिका स्वाधीन तथा सार्वभौम देशहरूमा हस्तक्षेप गर्दै छ; आतङ्क र असुरक्षित बनाउँदै छ । यसकारण, संसारका न्यायप्रेमी जनता, दल र सरकारले अमेरिकी साम्राज्यवादी नीतिको विरोध गर्नुपर्छ ।

भेनेजुयलाले अमेरिकामा लागुपदार्थको तस्करी गरिरहेको ट्रम्प प्रशासनको अप्रमाणित आरोप छ । त्यही आरोपमा अमेरिकी राष्ट्रपति ट्रम्पले भेनेजुयलामा आक्रमण गर्ने चेतावनी दिँदै छन् । अमेरिकाले विशेषत: साम्राज्यवादविरोधी देशलाई छानी छानी आक्रमण गर्ने गरेको छ । अमेरिकाको साम्राज्यवादी नीतिले संसारका मुलुक र मुलुकका जनता आक्रान्त र असुरक्षित छ । भेनेजुयलामाथि लागुपदार्थ कारोबार गर्ने निहुँ खोजेर देशको स्वाधीनता र सार्वभौम सत्तामा आक्रमण गर्ने चेतावनी त्यहाँका सरकार प्रमुखलाई सत्ताच्युत गर्ने प्रयास हो । यसअघि अमेरिकाले युक्रेनलाई सैन्य र हतियार सहयोग गरेर रुसविरुद्ध लड्न उत्साहित गर्‍यो भने प्यालिस्टिनलाई ध्वस्त बनाउन र प्यालिस्टिनी जनतामाथि नरसंहार गर्न इजरायललाई साथ दियो । यसरी साम्राज्यवादी देश अमेरिका संसारकै 'आतङ्ककारी' र 'दादागिरी' देश बन्दै छ । लागुऔषध रोक्ने निहुँमा अरु देशमाथि आक्रमण गरेर राष्ट्र प्रमुखलाई सत्ताच्युत गर्ने उसको उद्देश्य रहेको राजनीतिक विश्लेषकहरूको भनाइ रहेको छ । विश्वमा बदनाम हुँदै गएको अमेरिकाले आफ्नो साम्राज्यवादी नीति अहिले पनि रोकेको छैन ।

लागुऔषध कारोबार रोक्न होइन भेनेजुयला सरकारलाई सत्ताच्युत गराउन अमेरिकाले हमला गर्ने चेतावनी दिएकोमा शङ्का छैन । अमेरिका सशस्त्र आक्रमण गरेर देशको खरबौँ सम्पत्ति खर्च गर्न नपर्ने गरी शान्तिपूर्ण रूपमा सत्ता हस्तान्तरण गराउने खालको धम्की दिँदै छ । भेनेजुयलामा आक्रमण गरे ल्याटिन अमेरिकी देश र जनतामात्र होइन संसारकै न्यायप्रेमी र देशभक्त जनता अमेरिकाको विरोधमा जालान् भन्ने चिन्ता अमेरिकी प्रशासनलाई नभएको होइन । प्यालेस्टिन देश नै गायब गर्ने र प्यालेस्टिनी जनताको नरसंहार गर्न सहयोग गर्ने अमेरिकाको विश्वभरका जनताले निन्दा र विरोध गरेका थिए । त्यसको विरोध अमेरिकी जनताले पनि गरेका थिए । अमेरिकी प्रशासनले स्वाधीन तथा सार्वभौम देशमा जति आक्रमण, हमला गरे पनि, दबाब दिए पनि, ध्वस्त पारे पनि संयुक्त राष्ट्र सङ्घ मौन बस्नु हुँदैनथ्यो । संयुक्त राष्ट्र सङ्घले त्यसको विरोध मात्र होइन प्रतिवाद गर्नुपर्थ्यो; अमेरिकालाई आर्थिक नाकाबन्दी गर्नुपर्थ्यो । तर, विडम्बना ! संयुक्त राष्ट्र सङ्घ अमेरिकाको कठपुतली बन्छ; अमेरिकाको उठबसमा बस्छ या अमेरिकी प्रशासनको अगाडि चुइँक्क बोल्दैन; बोल्ने आँट गर्दैन ।

अमेरिका प्रजातन्त्र, मानव अधिकार, शान्ति सुरक्षाको खोल ओढेर अप्रजातान्त्रिक पाइला चाल्छ; अमानवीय काम गर्छ; अशान्ति मच्चाउँछ र विश्वलाई असुरक्षित बनाउँछ । होइन भने लागुऔषधको नाउँमा कुनै देशमा आक्रमण गर्ने या धम्काएर सत्ताच्युत गर्ने षड्यन्त्र अमेरिका किन गर्छ ? संसारमा साम्राज्यवादी देशहरू भइरहेसम्म, साम्राज्यवादी नीति लिने देशहरू रहेसम्म संसारका जनता सुख र आनन्दपूर्वक बस्न पाउने छैनन्; सुरक्षित साथ बस्न पाउने छैनन् । यसकारण, साम्राज्यवादको अन्त गर्न संसारका स्वाधीन, देशभक्त र शान्तिप्रेमी जनता एकजुट हुनु आवश्यक छ । साम्राज्यवादविरोधी देशहरू एक ठाउँमा उभेर सशक्त विरोध गर्नु आवश्यक छ । आक्रमणकारी ट्रम्प र ट्रम्प प्रशासनको संसारका जनताले विरोध गर्नुपर्छ । साम्राज्यवादको अन्त भएपछि मात्र संसारका मुलुक सुरक्षित हुनेछन्; सन्तोषको सास फेरेर जीवन बिताउन पाउनेछन् । अत: साम्राज्यवादविरुद्ध संसारका जनताको एकमत हुनुपर्छ; एकमतका साथ विरोध गर्नुपर्छ । यसरी नै जनमत तयार हुँदै गएमा अमेरिकी साम्राज्यवादको बदनाम हुनेछ; अमेरिका एक्लिँदै जाने छ ।

# "नेमकिपाले निर्वाचनलाई एक राजनैतिक सङ्घर्षको रूपमा उपयोग गर्छ"

*(नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य एवं भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**सँग सर्लाहीको ढुकढुकी एफएमको 'आजको संवाद' कार्यक्रमका प्रस्तोता क्षितिज विश्वकर्मले गत कार्तिक २१ गते लिनुभएको अन्तर्वार्ता सामान्य सम्पादनसहित यहाँ प्रस्तुत गरिएको छ ।)*

**● देशको वर्तमान परिस्थितिलाई कसरी नियाल्नुभएको छ ?**

देशको राजनैतिक परिस्थिति अलि जटिल छ । सबै नेपाली यसबाट प्रभावित भएका छन् । भदौ २३ र २४ गते जेन-जी समूहले गरेको आन्दोलन वा प्रदर्शनमा ७५/७६ जनाको ज्यान गयो । भ्रष्टाचारको अन्त्य र सुशासन कायम गर्ने जेन-जीको माग थियो । देशको व्यवस्था नै परिवर्तन वा संविधान संशोधन त्यस आन्दोलनको माग थिएन । भदौ २३ गते नै प्रधानमन्त्री केपी ओलीले राजीनामा दिएका भए, देशले यति धेरै क्षति भोग्नुपर्ने थिएन । प्रम केपी ओलीले दम्भ देखाउनुभयो । गृहमन्त्रीको राजीनामा गराएर थामथुम पार्ने कोसिस गर्नुभयो । त्यसैको परिणाम भदौ २४ गते अकल्पनीय घटना घट्न पुगेको हो । दिउँसो २ बजेतिर मात्र प्रधानमन्त्रीको राजीनामा आयो । त्यतिबेलासम्म धेरै अप्रिय घटनाहरू घटिसकेका थिए । सेना, राष्ट्रपति वा प्रधानमन्त्री कसैबाट पनि सुरक्षा भएन । सरकारविहीनताको अवस्था सिर्जना भयो । धेरैको ज्यान गयो । देशको खरबौँ सम्पत्ति ध्वस्त भयो । सिंहदरबार, सर्वोच्च अदालत, अख्तियारदेखि लिएर देशका सयौँ पालिकाहरूमा तोडफोड र आगजनी भयो । जिल्ला प्रशासनका भवनहरू र ५०० वटाभन्दा बढी प्रहरी चौकीदेखि सरकारी कार्यालय जलाइयो । त्यो क्षतिको जिम्मेवारी लिने कोही देखिएका छैनन् । सरकारको नेतृत्वमा रहेकाले नै त्यस घटनाको जिम्मेवारी लिनुपर्छ ।

**● नेकपा एमाले अध्यक्ष केपी ओलीले अहिलेसम्म पनि त्यो गल्ती स्वीकार्न खोजेन । यसलाई के भन्नुहुन्छ तपाईं ?**

हो, त्यही दम्भ र घमण्डले गर्दा यस्तो घटना घट्न पुगेको हो । समयमै उचित कदम चाल्नुभएको भए यति धेरै क्षति हुने थिएन । राजनीतिमा नैतिकता महत्त्वपूर्ण हुने गर्छ । नैतिकता नभएकाहरूले जे गर्दा पनि भयो । हाम्रै देशको इतिहास हेर्ने हो भने, २०३१ सालमा सिंहदरबार जलेको बेला तत्कालीन प्रधानमन्त्री कीर्तिनिधि विष्टले राजीनामा गर्नुभयो । त्यसैगरी, रङ्गशाला काण्डमा केशरबहादुर विष्टले राजीनामा दिनुभयो । भागदौडमा भएको घटनामा खेलकुद मन्त्रीको के दोष थियो ? तर, पनि विष्टले नैतिकताको आधारमा राजीनामा दिनुभयो । यस्ता न्यूनतम कुरा पनि केपी ओलीबाट भएन ।

**● नेपाली राजनीतिमा नेताहरूमा नैतिकता हुन्छ र ?**

शासक दलका नेताहरूमा नैतिकता नभएकै कारण देशले यति छोटो समयमै दुर्भाग्यपूर्ण अवस्था व्यहोर्नुपर्‍यो । राजनीतिमा नैतिक शक्ति ठुलो बल हो । भौतिक शक्ति भनेको त क्षणिक हुन्छ । शेरबहादुर देउवालाई कुटपिट र लखारपछार गर्दा पनि नेकाका लाखौँलाख कार्यकर्ता कहाँ गए भन्ने प्रश्न उठ्यो । सडककाे बेला साथ दिनुपर्नेमा कार्यकर्ताहरू सबै कता भागे । जो पायो त्यहीँलाई राजनीतिमा हुल्दाको परिणाम देशले भोग्नुपरेको छ । राजनीति भनेको विचार र सिद्धान्त हो, अनुशासित मानिसहरूको जमात हो । त्यो आधारमा आदर्श समाज निर्माण गर्ने अठोट लिएर अगाडि बढ्ने पल्टन हो । यहाँ त टीका लगाएर कम्युनिस्ट पार्टीको सदस्यता दिने, फूलको माला लगाइदिएर पार्टीको सदस्यता दिने गरिन्छ । एकै व्यक्ति आज काङ्ग्रेस, भोलि एमाले, पर्सि माओवादी र अर्को दिन राप्रपामा जान्छ । एकै व्यक्तिले वर्षमा चारवटा पार्टी चहार्छ । जब राजनीतिमा नैतिकता हुँदैन, सारा जनताले दु:ख पाउँछन् । ठुला पार्टी भनेको सङ्ख्या र आकारमा मात्र होइन नैतिकता र विचारमा पनि व्यापकता हुनुपर्छ । त्यसले परिवर्तन ल्याउन जनतालाई शिक्षित गरेको हुनुपर्छ । तर, नेपालमा त्यस्तो भइरहेको छैन ।

**● अहिलेको अन्तरिम सरकारप्रति तपाईंहरूको धारणा के छ ?**

अहिलेको अन्तरिम सरकार विशेष परिस्थितिमा निर्माण भएको सरकार हो । संविधानअनुसार बनेको होइन । यो चुनावी सरकार हो । परिस्थितिलाई तत्काल




- सुनिल प्रजापति, केन्द्रीय सदस्य, नेमकिपा

सम्बोधन नगरेमा देशको ठुलो क्षति हुनसक्ने हुँदा शासक दलहरूको सहमतिमा यो सरकारको गठन भएको हो । वर्तमान संविधानअनुसार सुशीला कार्की प्रधानमन्त्री बन्न सक्ने ठाउँ छैन । कार्की प्रतिनिधिसभाका सदस्य पनि होइनन्, सर्वोच्च अदालतको पूर्वन्यायाधीश संविधानअनुसार प्रम बन्न योग्य पनि छैन । काङ्ग्रेस, एमाले, माओवादी र त्यसबेलाको एकीकृत समाजवादीसमेतको संयुक्त सहमतिमा तत्कालीन सङ्कटलाई सम्बोधन गर्न बनेको सरकार हो भन्ने अहिले पुष्टि भइसकेको छ ।

**● अन्तरिम सरकार प्रतिनिधिसभाको चुनाव गराउनको लागि मात्र गठन गरिएको सरकार हो भन्नुभयो । तर, अन्तरिम सरकारले बृहत् किसिमको काम पनि गरिरहेको देखिन्छ । यसमा के भन्नुहुन्छ ?**

अन्तरिम सरकारले प्रतिनिधिसभाको चुनाव शान्तिपूर्ण, मर्यादित र धाँधलीरहित तरिकाले सम्पन्न गर्नमा ध्यान केन्द्रित गर्नुपर्छ । देशलाई दीर्घकालीन असर पर्ने कुनै पनि कार्य गर्नु हुँदैन । राजदूतहरू फिर्ता बोलाउने, सार्वजनिक संस्थानहरूलाई कम्पनीमा लानेजस्ता नीतिगत निर्णय गर्नु ठीक होइन । देशको अर्थतन्त्रमा दीर्घकालीन असर पुग्ने विषयमा हात हाल्ने काम अन्तरिम सरकारबाट हुनु हुँदैनथ्यो । विश्व बैङ्क र एसियाली विकासजस्ता साम्राज्यवादका आर्थिक हतियारहरूलाई खुसी पारी ऋण लिनको लागि देशको सार्वजनिक संस्थानहरूलाई कम्पनीमा लाने नीति पारित गरेको स्पष्ट छ । प्रजातान्त्रिक पार्टीहरू भएका भए नेपाली काङ्ग्रेस, एमाले र माओवादीहरूले यसको विरोध गर्नुपर्ने थियो । रातो लुगा लगाउनेहरू सबै क्रान्तिकारी हुँदैनन् । गेरुवस्त्र लगाउनेहरू सबै कहाँ साधु हुन्छन् र ? उसको व्यवहार, विचार र आचरण राम्रो हुनुपर्छ । आफूलाई समाजवादीको दाबी गर्ने र निजीकरणलाई पनि जोड दिनेहरू पुँजीवादीहरू नै हुन् । सरकारको कार्यशैली ठीक ढङ्गले अगाडि बढिरहेको छैन ।

**● अब देश कतातिर धकेलिने देख्नुहुन्छ ?**

चुनावको मिति घोषणा भइसकेको छ । चुनाव भएन भने देश थप जटिलतातिर धकेलिने छ । देशमा अराजक घटनाहरू घट्न सक्छन् । विदेशी चलखेल अझ बढ्ने सम्भावना हुन्छ । जेन-जीको आन्दोलन दुई दिनको तयारीमा भएको हुँदै होइन । भदौ २४ गते ५–६ घण्टामै देशका सयौँ सरकारी कार्यालयहरू खरानीमा परिणत भए । देश नै जलिरहेको अवस्था थियो । संसारका धेरै देशमा यस्ता घटनाहरू घटेका थिए । अमेरिकीहरूले धेरै देशहरूमा यस्ता परिवर्तनहरूलाई रङ्गिन क्रान्तिको नाम दिए । सन् २००३ मा जर्जियामा 'कलेजी' क्रान्ति, २००४ मा युक्रेनमा 'सुन्तला' क्रान्ति, २००५ मा किर्गिस्तानमा 'टुलिप' क्रान्ति र फिलिपिन्समा 'पहेँलो' क्रान्तिको नाम दिइएको थियो । संसारका ५० वटाभन्दा बढी देशहरूमा अमेरिकाले रङ्गिन क्रान्तिको नाम दिएर शासन सत्ता परिवर्तन गराइसक्यो । नेपालमा पनि जेन-जीको नाममा उथलपुथल भयो । यो जेन-जी नाम पनि अमेरिकीहरूले प्रयोग गर्ने नाम हो । एनजीओ तथा आईएनजीओ यति खतरनाक हुन्छ कि उसले चाहृयो भने देशमा उथलपुथल गर्न सक्छ भन्ने पछिल्लो उदाहरण नेपाल बनेको छ । अमेरिकी युथ काउन्सिल, अमेरिकी चेम्बर अफ कमर्स, बारबरा फाउन्डेन, समता फाउन्डेसनजस्ता संस्थाहरूले यस्ता कामहरू गरिरहेका छन् ।

**● अहिलेको सरकार पनि एनजीओ तथा आईएनजीओ सदस्यहरूले भरिएको छ भनिन्छ नि । के यो सत्य हो ?**

त्यो त सञ्चारमाध्यमहरूमा आइरहेकै छ नि ! प्रधानमन्त्री, कानुनमन्त्री, सञ्चारमन्त्रीलगायतको नाम बारबरा फाउन्डेसन, समता फाउन्डेसन आदि एनजीओहरूसँग जोडिएर आएका छन् । शासक दलका नेताहरूले देशलाई आफ्नै बलबुत्तामा विकास गर्ने सोच नै राखेनन् । हरेक कुरामा विदेशको भर पर्ने, विदेशको मुख ताक्ने प्रवृत्ति छ । नेपालमा कसलाई प्रधानमन्त्री र राष्ट्रपति बनाउने निर्णय नै दिल्लीबाट भइरहेको छ । नेपालको नदीनालाबाट भारतले आफ्नो कृषि उत्पादन बढाइरहेको छ । तर, नेपालले खाद्यान्न, तरकारी पनि भारतबाट किनेर ल्याउनुपरेको छ । एनजीओ र आईएनजीओहरूले जनतालाई परनिर्भर बनाउँदै लान्छन् । त्यो खतरनाक विषय हो ।

**८) युवा श्रमशक्ति विदेश जानुको मुख्य कारण के होला ?**

आजका युवाहरूलाई स्वदेशमा काम गर्ने वातावरण छैन । उद्योगधन्दाहरूको निजीकरणले रोजगारीका अवसरहरू गुम्दै गए । युवाहरू नेपालमा खेती किसानी गर्न लाज मान्छन् । दक्ष र अदक्ष सबैखाले जनशक्ति बिदेसिँदै छन् । डलरको लोभमा यहाँका डाक्टर, इन्जिनियर, नर्स, प्राध्यापकहरूजस्ता शिक्षित जनशक्ति पनि विभिन्न देशहरूमा गरिरहेका छन् । युवाहरूमा आफ्नो देश आफैँ बनाउने भावना नभएसम्म देशको विकास हुँदैन । हाम्रा विश्वविद्यालय र कलेजहरू विदेशीहरूका लागि सस्तो ज्यामी उत्पादन गर्ने कारखाना बन्दै छन् । युवाहरू बिदेसिने क्रम बढेसँगै नेपालमा विभिन्न क्षेत्रमा जनशक्ति अभाव हुन थालेको छ । अहिले केही विषयका शिक्षक, प्राध्यापकहरूको अभाव हुन थालेको छ । देश आत्मनिर्भर भएमात्र स्वतन्त्र र स्वाभिमान बन्न सक्छ ।

**● जेन-जी आन्दोलनको असर भक्तपुरमा कस्तो रह्यो ?**

देशभरि असर परेको समयमा भक्तपुर अछुतो रहने कुरै भएन । भक्तपुरको जिल्ला प्रशासन कार्यालय र अन्य केही प्रशासनिक भवनहरूमा क्षति पुगेको छ ।

बाँकी पृष्ठ ८ मा

# जारशाही संसद्मा बोल्शेभिक सांसद – १६

● ए. बादायेभ

*(धातु मजदुर अलेक्सेइ बादायेभ बोल्शेभिक कार्यकर्ता थिए । उनी पुरानो बोल्शेभिक गार्डका सदस्य थिए । सन् १९१२ मा रुसी संसद् 'ड्युमा' को चौथो निर्वाचन भयो । यसलाई चौथो ड्युमा/संसद् भनिन्छ । बादायेभ पिटर्सबर्ग सहरबाट सांसद् बने । बादायेभलगायत पाँच बोल्शेभिक कार्यकर्ता संसद्मा निर्वाचित भएका थिए ।*

*सन् १९१४ को अगस्तमा प्रथम विश्वयुद्ध सुरु भयो । युरोपका साम्राज्यवादी देशहरू गरिब उपनिवेशका प्राकृतिक स्रोतसाधन लुछाचुँडी गर्न नृशंस युद्धमा होमिए । त्यही वर्ष नोभेम्बर महिनामा बोल्शेभिक सांसदहरूलाई पक्राउ गरी साइबेरिया निर्वासनमा पठाइयो ।*

*सन् १९१७ मा लेनिनको नेतृत्वमा महान् अक्टोबर समाजवादी क्रान्ति भयो । क्रान्तिका १५ वर्षपछि सन् १९२९ मा बादायेभको आत्मवृत्तान्त प्रकाशित भयो । पुस्तकको नाम थियो - 'जारशाही संसद्मा बोल्शेभिक सांसद' (The Bolsheviks in the Tsarist Duma) । यो पुस्तक बादायेभको निजी अनुभव, टिपोट र ऐतिहासिक दस्तावेजहरूमा आधारित छ ।*

*सन् १९०५ को क्रान्तिपछि क्रान्तिकारी उभार कसरी सेलायो ? संसद्मा बोल्शेभिक पार्टीको नीति र कार्यशैली कस्तो थियो ? जारशाही रुसका विसङ्गतिहरूलाई बोल्शेभिक सांसदहरूले कसरी उदाङ्गो पार्दै गए ? रुसका कामदार जनतालाई राजनीतिक शिक्षा दिन संसद् र 'प्राभ्दा' पत्रिकाको भूमिका कस्तो रह्यो ? क्रान्तिकारी सङ्घर्ष के-कस्ता उतारचढावबाट गुज्रियो ? सन् १९१७ को अक्टोबर समाजवादी क्रान्तिले कस्तो परिवेशमा आकार लियो ? यी तमाम विषयको जीवन्त चित्रण छ पुस्तकमा । यस हिसाबले बादायेभको आत्मवृत्तान्त संसद्को क्रान्तिकारी उपयोगबारे एक गम्भीर साहित्य तथा ऐतिहासिक दस्तावेज पनि हो । अक्टोबर क्रान्ति दिवसको अवसरमा 'मजदुर' दैनिकमा यही पुस्तकको अनौपचारिक अनुवाद प्रस्तुत छ । सम्पादक)*




सम्मेलनले पार्टीको सामान्य नीतिसँग मेल नखाने मेन्शेभिकहरूका विभिन्न गतिविधिको निन्दा गऱ्यो । जागेल्लोलाई समूहमा स्वागत गरी मेन्शेभिकहरूले बुन्द दलको पृथकतावादी क्रियाकलापलाई घुमाउरो ढङ्गले स्वीकारे । यस्तो गतिविधिले पोल्यान्डका मजदुरहरूबिच फाटो आउने र पार्टी एकतामा विलम्ब हुन जाने सम्मेलनको ठम्याइ रह्यो । संसद्मा मेन्शेभिक सांसद एआई चखेन्केलीले 'प्रत्येक राष्ट्रियताको स्वतन्त्र विकासका लागि संस्थानहरू खोल्नुपर्ने आवश्यकता' रहेको निहुँ झिकी रुसमा विभिन्न राष्ट्रियताका छुट्टाछुट्टै सामाजिक जनवादी पार्टीहरू खोल्नुपर्ने विचार राखे । सम्मेलनले यो मन्तव्यको कडा निन्दा गऱ्यो । समूहको नाममा गरिएको यो भाषण पार्टी कार्यक्रमको ठाडो उल्लङ्घन थियो । प्रस्तावमा भनियो, "यसरी छद्म रूपमा राष्ट्र-राष्ट्रको पैरवी गर्ने कार्य सर्वहारा पार्टीको लागि अस्वीकार्य छ ।" अन्ततः मन्त्रीहरूले नीति घोषणा गर्दा आफ्नो छुट्टै नीति अघि नसारेर प्रगतिशील पार्टीको पक्षमा मतदान गरी हाम्रो संसदीय समूहले आफ्नो कर्तव्य पालन नगरेको विषयमा पनि सम्मेलनको ध्यानाकृष्ट भयो ।

संसद्मा सामाजिक जनवादी समूहले नौ बुँदामा आफ्नो प्रतिवेदन बुझाएको थियो । तीमध्ये ६ बुँदामात्र पत्रिकामा प्रकाशित भयो । किनभने, अन्य ३ बुँदामा सार्वजनिक गर्न नमिल्ने विषय थिए । क्राको सम्मेलनका सबै दस्तावेज हराइसकेका छन् । ती ३ बुँदा कहीँ पनि छापिएनन् । पन्ध्र वर्ष बितिकेको हुनाले सम्झेर लेख्न पनि मुश्किल छ । तर, ती बुँदामा '६ बोल्शेभिक' सांसदका सदनबाहिर गर्ने क्रियाकलापको कुरा थियो । सम्मेलनले हामी ६ जनालाई पार्टीको गैरकानुनी गतिविधिसम्बन्धी धेरैवटा महत्त्वपूर्ण जिम्मेवारी दियो । त्यस्तै, सम्मेलनले बोल्शेभिक सांसदहरूले केन्द्रीय समितिसँग नङमासु भएर काम गर्नुपर्ने बतायो ।

क्राको सहरमा बस्दा '६ बोल्शेभिक' को जिम्मेवारीबारे सामान्य छलफल भयो भने लेनिन र विदेशमा रहेको पार्टी केन्द्रका अन्य सदस्यहरूसँग त्यस विषयमा विस्तृत छलफल भयो ।

लेनिनले भन्नुभयो, मजदुर सांसदहरूले पार्टीको विचार प्रचार गर्न र क्रान्तिकारी आन्दोलनको विकासमा टेवा दिन सदनलाई प्रयोग गर्नुपर्छ । यसको लागि सांसदहरूले जारशाही सरकार र तथाकथित उदारवादी पार्टीहरूको पाखण्डलाई उदाङ्ग्याउनुपर्छ । मजदुर सांसदहरूको कुरा रुसका तमाम मजदुरवर्गले सुन्नुपर्छ । तर, संसद्मा गरिने क्रियाकलाप समूहले गर्नुपर्ने कार्यको एक अंश मात्र हो । पार्टीको अभिन्न अङ्गको रूपमा '६ बोल्शेभिक' हरूले सदनबाहिर गरिने व्यापक गतिविधिमा भाग लिनुपर्छ । मजदुर सांसदहरूको अन्य महत्त्वपूर्ण कर्तव्य पनि छ । उनीहरूले सङ्गठनको काम गर्नुपर्छ, पार्टीका विभिन्न समितिलाई मार्गनिर्देशन गर्नुपर्छ, पार्टी प्रेस तथा ट्रेड युनियनको काममा भाग लिनुपर्छ । यसको लागि मजदुर सांसदहरूले निरन्तर मेहनत गर्नुपर्छ ।

मजदुर सांसदहरूले निरन्तर कामदार जनतासँग सम्पर्क बनाउनुपर्छ । सम्पूर्ण (कानुनी र गैरकानुनी) मजदुर वर्गीय सङ्गठनले पनि आफ्ना बोल्शेभिक सांसदहरूलाई क्रान्तिकारी सङ्घर्षका नेता र सङ्गठक मान्नुपर्छ । हामीसँगको कुराकानीमा लेनिनले यी कुरामा जोड दिइरहनुभयो ।

लेनिनकै सुझावअनुसार मलाई 'प्राभ्दा' को प्रकाशन गर्ने जिम्मेवारी दिइयो । सेन्ट पिटर्सबर्गको सांसद हुनाले म त्यहाँका मजदुरहरूको प्रतिनिधि थिएँ । यसर्थ, मैले त्यो जिम्मेवारी लिनुपर्ने लेनिनले बताउनुभयो । 'प्राभ्दा' ले जनतालाई शिक्षित गर्ने र प्रचारको काम गर्ने उद्देश्य राखेको थियो । साथमा यो पार्टी सङ्गठनको सबैभन्दा महत्त्वपूर्ण केन्द्र पनि थियो । लेनिनले मलाई त्यसमा काम गर्ने जिम्मा सुम्पिनुभयो ।

ठोस र व्यवहारिक निर्देशन लिएर हामी क्राकोबाट पिटर्सबर्ग फर्कियौँ । हामी '६ बोल्शेभिक' ले पछ्याउनुपर्ने कार्यदिशा सम्मेलनले प्रस्ट पारेको थियो । कुन मुद्दामा कसले बोल्नुपर्छ, के कस्ता सामग्री तयार पार्नुपर्छ, संसद्बाहिर तत्काल गरिहाल्नुपर्ने कार्य के हुन् आदि कुरा छिनोफानो भइसकेको थियो । हामी सदनको निकै आक्रामक र पेचिलो माहोलबाट आएका थियौँ । त्यसकारण, पार्टीका नेतृत्वदायी सदस्य र त्यसमा पनि लेनिनसँगको विचार त्यो विचार आदानप्रदान हाम्रा लागि निकै मूल्यवान ठहरियो ।

लेनिनले प्रत्येक सांसदलाई एक्लाएक्लै भेट्नुभयो । हामीमा सघन र सुदीर्घ सङ्घर्ष चलाउने आत्मबल भर्न उहाँ सफल हुनुभयो । अर्कोतर्फ, सम्मेलनमा हाम्रो सहभागिताले सम्मेलनमा निश्चित टुङ्गोमा पुग्न उल्लेख्य भूमिका खेल्यो । हामी जनताको भावनासँग परिचित थियौँ । छलफलमा हामीले राखेको विचारले सम्मेलनलाई मजदुरवर्गको मनोदशा बुझ्न र आवश्यक निष्कर्ष निकाल्न मद्दत पुग्यो ।



क्राकोबाट फर्केपछि सबै मजदुर सांसदहरू सदन बन्द भएको मौका छोपी आफूलाई चुन्ने निर्वाचन क्षेत्रको भ्रमणमा गए । संसद्को पहिलो सत्रमा भएका क्रियाकलापको जानकारी गराउन र स्थानीय स्तरका गैरकानुनी केन्द्रहरूको गतिविधि बढाई क्राको सम्मेलनको निर्णय कार्यान्वयन गर्न ती भ्रमण गरिएको थियो ।

संसद्का विभिन्न सत्रहरूबिच संसद् स्थगित भएको मौका छोपेर यस्तो भ्रमण चलिरहन्थ्यो । कहिलेकाही संसदीय सत्रबिच नै पनि सांसदहरू आआफ्ना निर्वाचन क्षेत्रमा जान्थे । यसले गर्दा मजदुरवर्गका स्थायी आन्दोलनमा टेवा पुग्थ्यो । त्यसरी भ्रमण जाने सांसदहरूले नयाँ पार्टी सम्पर्क बनाउँथे, पुराना सम्पर्क नवीकरण गर्थे र नयाँ पार्टी केन्द्र गठन गर्थे । उनीहरूले प्रचारप्रसार र पार्टी केन्द्रको सन्देश तथा निर्देशन प्रवाह गर्न ठुलो भूमिका खेल्थे । उनीहरूले आफ्ना निर्वाचन क्षेत्रका मजदुरहरूका सुझाव र निर्देशनहरू लिन्थे । सबै सामाजिक जनवादी सांसदहरूलाई समय पायो कि आफ्नो निर्वाचन क्षेत्रमा जानू र आफ्ना मतदाताहरूसँग घनिष्ट सम्बन्ध राख्नू भनेर निर्देशन दिइएको थियो ।

मजदुर सांसदहरूले त्यो निर्देशनको पालन गरे । हामीमध्ये प्रत्येकले दिनकै ठुलो सङ्ख्यामा चिठीपत्र पाउँथ्यौँ । ती पत्राचारबाट हामी ठाउँठाउँमा के हुँदै छ र के कस्ता सुझाव र माग राखिएको छ भन्ने थाहा पाउँथ्यौँ । यी सूचनाले हामीलाई संसद्को काममा टेवा पुग्थ्यो । हामीले ती सूचनाबाट सार झिक्थ्यौँ र सरकारलाई सोध्ने प्रश्न तयार पार्थ्यौँ । सरकारले विधेयक आदि ल्याउँदा तिनै विषयवस्तुबारे बोल्थ्यौँ ।


सांसदहरू निर्वाचन क्षेत्रमा भ्रमण जाँदा झन् धेरै सामग्री जम्मा हुन्थ्यो । यी भ्रमणहरू जारशाही गुप्त प्रहरीका लागि ठुलो टाउको दुखाइको विषय हुन्थे । प्रहरीले सांसदहरूलाई ती भ्रमण गर्नबाट रोक्न सक्दैनथे । किनभने, सांसद हुनाले उनीहरूलाई दण्डित गर्न मिल्दैनथ्यो । तर, यही मौकामा ती सांसदहरूसँग भेटघाट गर्ने सबैलाई गुप्त प्रहरीले निगरानीमा राख्थे । संसद्को सत्र सक्किनुभन्दा अगाडि प्रहरी विभागले सबै गभर्नर र गुप्त प्रहरी प्रमुखलाई 'क्रान्तिकारी सांसदहरू आउँदै छन्, तिनलाई निगरानीमा राख्नू, हामी तिमीहरूकै भरोसामा छौँ' भनी निर्देशन पठाउँथ्यो । हाम्रो हुलिया र जानकारीसँगै हाम्रा तस्बिरहरू पनि पठाइन्थ्यो । अनि, निर्वाचन क्षेत्रमा पुग्दा गुप्त प्रहरीको टोली टुप्लुक्क पुगिसकेको हुन्थ्यो । मजदुर सांसद जहाँ पुग्यो गुप्त प्रहरी तिनको छायाँझैँ बनी पुग्थे ।

सांसदहरू आँखाबाट ओझेल नहोऊन् भनेर सेन्ट पिटर्सबर्गको गुप्त प्रहरीले सांसदको भ्रमणमा एकजना मान्छे सँगै पठाउँथ्यो । स्थानीय सुराकीले आफ्नो स्थान नलिएसम्म त्यो मान्छेले सांसदलाई छोड्दैनथ्यो । सांसद आफ्नो निर्वाचन क्षेत्रमा पुगेपछि सेन्ट पिटर्सबर्गको सुराकीले प्रान्तको सुराकीलाई सांसदसँगै कुनै निर्जीव वस्तु सुम्पे जस्तो एउटा रसिद बुझाउँथ्यो । तैपनि, हामी तिनलाई अलमल्याउन खोज्थ्यौँ । तिनीहरूको सूचना पाए पनि नपाएझैँ गर्थ्यौँ । हामी कहिले भ्रमणमा निस्कन्छौँ भनेर उनीहरूले सधैँ थाहा पाउँदैनथे । हामी गोप्य तरिकाले बाहिर जान्थ्यौँ । घरबाट सिधै रेल स्टेसन जाँदैनथ्यौँ ।

यस्तो स्थितिमा प्रहरीले हाम्रो घरका पाले र भरियालाई हामी निस्केको खबर नदिएकोमा हप्काउने गर्थे । उनीहरूले पनि सांसदहरूले आफूलाई कुनै जानकारी नदिई बाहिर गएको, पासपोर्टमा छाप नलगाएको वा औपचारिकता पूरा नगरेको भनी स्पष्टीकरण दिन्थे ।

मजदुर सांसदहरूलाई लगातार निगरानीमा राखिन्थ्यो । यस्तो निगरानी नाङ्गो हुन्थ्यो । यो देखेर सांसदहरूले कहिले कसो धैर्य गुमाउँथे र आफूलाई शान्तिपूर्वक बाँच्न दिनुपऱ्यो भनेर मन्त्रीलाई पत्र लेख्थे । तर, मन्त्रीलाई गुनासो गर्दैमा निगरानी बन्द हुँदैनथ्यो । बरु सुराकीहरूलाई अझ प्रभावकारी ढङ्गले गुप्तचरी गर्न र सांसदहरूलाई 'नचिढ्याउन' आदेश जान्थ्यो । अर्कोतर्फ, प्रहरी विभागको निर्देशन पाएर प्रान्तका स्थानीय अधिकारीहरूले अनेक बहानाबाजी गर्दै सांसदको भ्रमण रोक्न खोज्थे । उनीहरू 'कानुनी व्यवधान' देखाउँथे । संयोग जुरेको बेला कहिलेकाही भौतिक परिस्थिति पनि तिनकै पोल्टोमा पर्थ्यो ।

मलाई सम्झना भएसम्म कामरेड मुरानोभ भोल्गाछेउ एउटा नगरमा छँदा यस्तो घटना घटेको थियो । उहाँ आफ्नो (बहालामा लिएको) घरमा हुनुहुन्थ्यो । प्रहरी आइपुग्यो र घरभेटीलाई पक्राउ गऱ्यो । त्यसपछि घरको खानतलासी सुरु भयो । टेबलमाथि मुरानोभको हाते झोला थियो । प्रहरी अफिसरले त्यो झोला खोल्न खोज्यो । मुरानोभले आपत्ति जनाउनुभयो, आफू सांसद भएको बताउनुभयो र झोलाको दस्ताबेज आफूसँग राख्नुभयो । अफिसर बाहिर जान बाध्य भयो । तर, पछि उसलाई माथिल्लो अफिसरले नराम्ररी हप्कायो । उसले 'मुरानोभले झोलाबाट दस्ताबेज ननिकाल्दासम्म तैँले उनी सांसद हुन् भनेर पत्याउनै हुन्थेन र उनलाई झोलासम्म पुग्नै दिनुहुन्थेन किनभने त्यो झोला अरू कसैको हुनसक्थ्यो' भन्यो । उसले सिकायो – "त्यही मौकामा झोला खोलेर सबै चीज जाँच्नुपर्थ्यो र के थाहा सांसद वा पूरै सामाजिक जनवादी समूहलाई मुद्दा हाल्न मिल्ने कुनै प्रमाण भेटिन्थ्यो कि !"




-क्रमश:



दक्षिणी लेबनानस्थित सिडोन सहरमा इन एल हेइवे प्यालेस्टिनी शरणार्थी क्याम्पलाई लक्ष्य गरेर इजरायली सेनाले हानेको मिसाइलबाट क्षतिग्रत भएका घर र सवारीहरू नोभेम्बर १९, २०२५ का दिन । मिसाइल हमलामा परी १० जनाभन्दा बढी हताहत भएको अनुमान छ । युद्धविराम सम्झौता भए पनि इजरायलले त्यसको पालना गरिरहेको छैन र प्यालेस्टिनीहरूको हत्यालाई तिरन्तरता दिइरहेको छ । *तस्बिर : एपी/मोहम्मद जटारी*

# अफ्रिकामा पहिलो जी-२० शिखर सम्मेलन, धनी राष्ट्रलाई जलवायु प्रकोपविरुद्ध थप जिम्मेवारीको आग्रह

जोहानेसबर्ग, ३ मङ्सिर (एपी) । अफ्रिकामा पहिलोपटक आयोजना हुँदै गरेको जी-२० शिखर सम्मेलनका अवसरमा दक्षिण अफ्रिकाले गरिब तथा जलवायु-संवेदनशील राष्ट्रहरूका मुद्दालाई अग्रभूमिमा राख्दै धनी मुलुकहरूले जलवायु प्रकोपविरुद्ध अझ प्रभावकारी योगदान दिनुपर्ने माग जोडदार रूपमा अघि सार्ने तयारी गरेको छ ।

जोहानेसबर्गको बाहिरी क्षेत्रमा अवस्थित तल्लो एलेक्जेन्ड्रामा भारी वर्षाका कारण क्षतिग्रस्त बनेको फोहोर रोक्ने जाल मर्मत गर्न स्वयंसेवकहरू जुक्सकेई नदीको कम्मर-गहिरो पानीमा काम गरिरहेका दृश्य यस सङ्कटको प्रत्यक्ष उदाहरण बनेको छ । यदि यी जालहरू नहुने हो भने बस्ती विनाशकारी बाढीको चपेटामा पर्न सक्ने चिन्ता स्थानीय बासिन्दाहरू व्यक्त गर्छन् ।

यसैबिच जी-२० का २० धनी तथा विकासोन्मुख राष्ट्रका विश्व नेताहरू यस सप्ताहान्तमा जोहानेसबर्गमा भेला हुँदै छन् । आयोजक राष्ट्र दक्षिण अफ्रिकाले जलवायु परिवर्तनले झनै भयावह बनाइरहेका प्रकोपका असरहरू विशेष गरी गरिब देशहरूमा कति गम्भीर रूपमा परेको छ भन्ने विषयलाई शिखर सम्मेलनको मूल एजेन्डामा राख्न चाहन्छ ।

ब्राजिलमा जारी विश्वव्यापी जलवायु वार्तामा पनि यस्तै आग्रह बारम्बार उठिरहेको दक्षिण अफ्रिकाले धनी राष्ट्रहरू तथा अन्तर्राष्ट्रिय वित्तीय संस्थाहरूलाई थप सहयोगको माग गर्दै आएको छ ।

एलेक्जान्ड्राका पाँच लाखभन्दा बढी बासिन्दा दक्षिण अफ्रिकाको सबैभन्दा धनी वित्तीय क्षेत्र स्यान्डटनको छेउमै भए पनि ती समुदायहरू बर्सेनि आउने बाढी र जोखिमबाट बच्न असमर्थ छन् । पुलहरू डुबानमा परेपछि बालबालिकाहरू विद्यालयसम्म पुग्न नसक्ने अवस्था सामान्य घटना बनेको छ । स्वयंसेवक समूह 'अलेक्जान्ड्रा वाटर वारियर्स' का सह-संस्थापक सेमाडी मङ्गान्येले यस अवस्थालाई 'महँमहिमहरूसामु तुरुन्त समाधान खोजिनुपर्ने ठूलो खतरा' का रूपमा वर्णन गर्नुभयो ।

ओपन सोसाइटी फाउन्डेसनकी अध्यक्ष बिनैफर नौरोजीका अनुसार जलवायु विनाश र सामाजिक-आर्थिक असमानता प्रत्यक्ष रूपमा गाँसिएका मुद्दाहरू हुन् । उहाँले भन्नुभयो, "विकासशील देशहरू आफ्नै अर्थतन्त्र विस्तार गर्ने कि महँगो जलवायु कारबाहीमा लगानी गर्ने भन्ने कठोर निर्णयको दोबाटोमा उभिएका छन् ।"

विश्व बैङ्कका तथ्याङ्कअनुसार सन् १९८०-१९९० को तुलनामा सन् २०१०-२०२० को दशकमा सबैभन्दा गरिब राष्ट्रहरू आठ गुणा बढी प्राकृतिक प्रकोपबाट प्रभावित भएका छन् । पछिल्ला वर्षहरूमा दक्षिणी अफ्रिका शक्तिशाली उष्णकटिबन्धीय आँधीबेहरीको प्रहारमा परिरहेको छ । सन् २०१९ को चक्रवात 'इडाई' ले मोजाम्बिक, मलावी र जिम्बाब्वेमा करिब दुई अर्ब डलर बराबरको क्षति पुर्‍याएको थियो भने मलावीको कुल गार्हस्थ उत्पादन (जिडिपी) १२ अर्ब डलर मात्र छ । गत वर्षको एल-निनो प्रभावले दशककै सबैभन्दा कठोर खडेरी निम्त्याउँदै साना-स्तरीय कृषि तहसनहस पारेको थियो ।

जी-२० लगायतका शिखर सम्मेलनहरूमा 'जलवायु वित्त' धनी तथा गरिब राष्ट्रबिचको मुख्य विवादको विषय रहँदै आएको छ । धनी राष्ट्रहरूले सन् २०३५ सम्म एक वर्षमा कम्तीमा तीन खर्ब डलर विकासशील मुलुकलाई सहयोग गर्ने प्रतिवद्धता जनाए पनि विज्ञहरूका अनुसार सन् २०३० सम्म वार्षिक १० खर्ब डलरभन्दा धेरै रकम आवश्यक पर्नेछ ।

यसपटकको जी-२० शिखर सम्मेलन अमेरिकाको सहभागिताबिना हुँदैछ । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले दक्षिण अफ्रिकाले 'श्वेत अल्पसङ्ख्यकमाथि हिंसा गरेको' भनी व्यापक रूपमा अस्वीकृत दाबी गर्दै सम्मेलन बहिष्कार गर्नुभएको छ । यो निर्णयले जलवायुसम्बन्धी प्रगति वा एउटा ठोस संयुक्त घोषणापत्र तयार पार्न अझै चुनौतीपूर्ण बनाएको छ ।

दक्षिण अफ्रिकामा जलवायु सङ्कटसँगै विकास चुनौतीहरू पनि गहिरिँदै गएको उल्लेख एम्नेस्टी इन्टरनेसनलले हालै प्रकाशित गरेको रिपोर्टमा गरिएको छ । औपचारिक आवास तथा आधारभूत सेवाविहीन ५० लाखभन्दा बढी नागरिक प्रत्यक्ष रूपमा जलवायु जोखिमको चपेटामा रहेको उल्लेख गर्दै रिपोर्टले सरकारलाई ती समुदायप्रति असफल भएको जनाएको छ ।

पूर्वी केप प्रान्तमा यसै जुन महिनामा आएको बाढीले १०० जनाभन्दा बढीको मृत्यु भएको थियो । राष्ट्रपति सिरिल रामाफोसाका अनुसार ती घटनाहरू जलवायु परिवर्तनबाट झनै उग्र बनेका हुन्, तर स्थानीय अधिकारीहरूका अनुसार गरिब क्षेत्रमा कमजोर पूर्वाधार र जीर्ण आवासका कारण क्षति झनै घातक भयो ।

अलेक्जान्ड्रा वाटर वारियर्स र अन्य स्थानीय परियोजनामा संलग्न करिब तीन हजार स्वयंसेवकलाई दक्षिण अफ्रिकी तथा क्यानाडाली सरकार सहभागी दाता समूहले सानो मासिक भत्ता उपलब्ध गराउँदै आएको छ । तीमध्येकी एन्टोम्बी मापोन्याले हाँस्दै भन्नुभयो, "हरेक महिनाको २५ तारिख आउँदा केही राहतको सास फेर्न सकिन्छ ।"

सन् २०२२ मा २५० जनाबाट सुरु भएको कार्यक्रम उल्लेखनीय रूपमा विस्तार हुँदै गएको छ । संयुक्त राष्ट्र आर्थिक आयोग (अफ्रिका) की पूर्व कार्यकारी सचिव, क्यामरुनकी अर्थशास्त्री भेरा सोङ्वेले विकासको रणनीतिमा 'जलवायु लचिलोपन' लाई केन्द्रमा राखिनुपर्ने बताउँदै भन्नुभयो, "राम्रो समाचार के हो भने–हरित, दिगो र लचिलो वृद्धि दीर्घकालीन रूपमा अझ छिटो र स्थिर प्रगतिको मार्ग हो ।"

अफ्रिकामा पहिलोपटक आयोजना हुँदै गरेको यो जी-२० शिखर सम्मेलन महादेशका जलवायु जोखिमभोगी समुदायहरूको आवाज विश्वका शक्तिशाली राष्ट्रहरूसामु बलियो रूपमा पुर्‍याउने अपेक्षासहित आरम्भ हुँदैछ ।

## चीनद्वारा तीन नयाँ उपग्रह अन्तरिक्षमा प्रक्षेपण

जिउछुआन, मङ्सिर ३ (सिन्ह्वा) । चीनले बुधबार 'लङ मार्च-२ सी' बोक्ने रकेट प्रयोग गरेर तीन नयाँ उपग्रह सफलतापूर्वक अन्तरिक्षमा पठाएको छ ।

रकेट चीनको उत्तरपश्चिमस्थित जिउछुआन उपग्रह प्रक्षेपण केन्द्रबाट स्थानीय समय अनुसार दिउँसो १२:०१ बजे उडान भरिएको थियो । यसले शिजियान-३०ए, शिजियान-३०बी र शिजियान-३०सी नामक उपग्रहहरू निर्धारित कक्षमा पुर्‍याएको छ ।

शिजियान-३०ए, शिजियान-३० बी र शिजियान-३०सी चीनद्वारा प्रक्षेपित प्रायोगिक उपग्रहहरूको समूह हो, जसको मुख्य उद्देश्य अन्तरिक्ष वातावरणको निगरानी, वैज्ञानिक अध्ययन तथा नयाँ प्रविधिको परीक्षण-प्रमाणीकरण गर्नु हो । यी तीनै उपग्रहहरू समन्वित रूपमा काम गर्ने गरी डिजाइन गरिएको छ ।

यी उपग्रहहरू मुख्यत: अन्तरिक्ष वातावरण अनुसन्धान र सम्बन्धित प्रविधि परीक्षणका लागि प्रयोग गरिने बताइएको छ ।

यो उडान लङ मार्च शृङ्खलाको ६०८ औं प्रक्षेपण मिशन हो ।

## भियतनाममा पहिरो जाँदा १० जनाको मृत्यु

हनोई(भियतनाम), ३ मङ्सिर (सिन्ह्वा) । भियतनामको "खान हो" प्रान्तमा बाढी र पहिरोका कारण कम्तीमा १० जनाको मृत्यु हुनुका साथै अन्य दुई जना बेपत्ता भएको स्थानीय मिडियाले बुधबार जनाएका छन् ।

"खान ले" पासमा पहिरो जाँदा छ जनाको मृत्यु भएको छ भने "खान सोन" पासमा गएको पहिरोमा अर्को एक जनाको मृत्यु भएको जनाइएको छ ।

पुल पार गर्दा बाढीको पानीले बगाएर अन्य तीन जनाको मृत्यु भएको बताइएको छ ।

"खान हो" प्रान्तका १४ वटा कम्युन र वार्डमा करिब ९ हजार घरहरू डुबानमा पर्नुका साथै पाहाडी क्षेत्रमा गएको ठूलो पहिरोका कारण यातायात अवरुद्ध भएकाले प्रभावित क्षेत्रका जनताको उद्धार तथा सुरक्षालाई खतरामा पारेको जनाइएको छ । बुधबारसम्म बाढी प्रभावित क्षेत्रहरूबाट छ हजार ५०० भन्दा बढी बासिन्दाहरूलाई सुरक्षित स्थानमा स्थानान्त्रण गरेको जनाइएको छ ।

## इजरायली कब्जा बलद्वारा हेब्रोनका विभिन्न क्षेत्रमा छापा मारी दर्जनौं प्यालेस्टिनीलाई गिरफ्तार

गाजा, ३ मङ्सिर (क्यूएनए) । इजरायली कब्जा बलहरूले बुधबार हेब्रोन गवर्नरेटका विभिन्न क्षेत्रहरूमा आक्रमणसहित छापा मारी, दर्जनौं प्यालेस्टिनीहरूलाई हिरासतमा लिनुका साथै बेत उमर सहरमा कडा घेराबन्दी गरेका छन् ।

प्यालेस्टिनी समाचार एजेन्सी (डब्लुएएफए) ले हेब्रोन सहरको वाडी अल-हरियामा कब्जा गरेको सेनाले आक्रमण गरेको तथा शहीद इमरान अल-अतरासको घरमा छापा मारी घरका सामग्रीहरू पूर्ण रूपमा नष्ट गरेको रिपोर्ट गरेको छ । उनीहरूले अबु कटिलामा पनि आक्रमण गरी घरहरूमा छापा मारी बासिन्दाहरूलाई हिरासतमा लिएको जनाइएको छ ।

यसै गरी हेब्रोनको पश्चिममा रहेको देइर सामेत सहरमा, कब्जा गर्ने सेनाहरूले सहरमा आक्रमण गरी धेरै युवाहरूलाई हिरासतमा लिनुका साथै एउटा घर कब्जा गरेर सैन्य ब्यारेक र सोधपुछ केन्द्रमा परिणत गरेको जनाइएको छ ।

कब्जा बलहरूले बेत उमरमा सैन्य घेराबन्दी लगाइ त्यहाँ जाने सबै सडकहरू बन्द गर्नुका साथै बासिन्दाहरूलाई वरिपरि घुम्न र सहर छोड्नबाट रोक लगाई दर्जनौं प्यालेस्टिनीहरूलाई सोधपुछ गर्दै नियन्त्रणमा लिएका छन् ।

## कोप-३१ आयोजनामा अस्ट्रेलिया-टर्की विवाद चुलिँदा अल्बानिज 'पछाडि हट्न' तयार

सिड्नी, ३ मङ्सिर (एएफपी) । अस्ट्रेलियाका प्रधानमन्त्री एन्थोनी अल्बानिजले सन् २०२६ को संयुक्त राष्ट्र जलवायु सम्मेलन (कोप-३१) आयोजनाका लागि टर्कीलाई रोक्ने कुनै प्रयत्न नगर्ने स्पष्ट सङ्केत दिनुभएको छ । उहाँले क्यानबेराले कूटनीतिक विवादलाई अनावश्यक रूपमा चर्किन नदिई 'अगाडि बढ्न सकिने' सम्भावनासमेत सङ्केत गर्नुभएको छ । यो विवादले ब्राजिलमा जारी यो वर्षको कोप-३० वार्तालाई ओझेलमा पारिरहेको छ ।

ब्राजिलमा रहेका कूटनीतिज्ञहरूले अस्ट्रेलिया र टर्की दुवैबाट आएका प्रतिद्वन्द्वी आयोजना प्रस्तावहरू समाधान गर्न केही दिन मात्र पाएका छन् । संयुक्त राष्ट्रसङ्घको प्रणाली अनुसार सहमतिपत्र नजुटे दुवै देश स्वत: प्रतिस्पर्धाबाट बाहिरिनेछन् र सम्मेलन पूर्वनिर्धारित रूपमा जर्मनीको बोन सहरमा सारिनुपर्ने बाध्यता आउनेछ । यसलाई धेरै देशले असहज विकल्प मानिरहेका छन् ।

मङ्गलबार साँझ प्रधानमन्त्री अल्बानिजले पहिलोपटक सम्भावित 'पछाडि हट्ने' सङ्केत गर्दै भन्नुभयो, "यदि अस्ट्रेलिया छनोट भएन भने र यदि टर्कीले आयोजना पायो भने हामी यसलाई भिटो गर्ने प्रयास गर्दैनौं ।" उहाँका अनुसार त्यसका लागि कुनै औपचारिक मतदान प्रक्रिया थिएन र विजेता केवल सर्वसम्मतिले मात्र निर्धारण हुने संयुक्त राष्ट्रसङ्घको नियम रहेको बताउनुभयो ।

अल्बानिजले भन्नुभयो, "यदि सहमति जुटेन र दुई उम्मेदवार नै टसमस रहिरहे भने सम्मेलन स्वाभाविक रूपले बोनमै जान्छ । प्रशान्त क्षेत्र मात्र होइन अन्तर्राष्ट्रिय समुदायबाट पनि चिन्ता व्यक्त भइरहेको छ कि यस्तो विवादले विश्वलाई जलवायु कार्यमा आवश्यक एकताको सकारात्मक सङ्केत दिन सक्दैन ।"

अस्ट्रेलियाले उष्णकटिबन्धीय चक्रवात र बढ्दो समुद्री सतहको जोखिममा रहेका प्रशान्त टापुका छिमेकीहरूसँग मिलेर कोप-३१ को आयोजना अधिकारका लागि प्रतिस्पर्धा गरिरहेको छ । तर अनुमान अनुसार सम्मेलन आयोजना खर्च तीन अर्ब डलरसम्म पुग्न सक्छ भन्ने विश्लेषणले केही पक्षहरूलाई सतर्क बनाएकाले अस्ट्रेलियाभित्रै सरकार विभाजित देखिन्छ ।

प्रधानमन्त्री अल्बानिजले विश्व जलवायु एजेन्डामा प्रशान्त टापु राष्ट्रहरूको आवाज बलियो बनाउन अस्ट्रेलियाले अन्य वैकल्पिक मार्गहरू अपनाउन सक्ने बताउनुभयो । उहाँले भन्नुभयो, "हामी प्रशान्तलाई फाइदा हुने उपायहरू, जस्तै प्रशान्त क्षेत्रीय नेताहरूको छुट्टै उच्चस्तरीय बैठकजस्ता विकल्पहरू पनि खोजिरहेका छौं ।"

प्रधानमन्त्रीको टिप्पणीपछि अस्ट्रेलियाली सरकारका प्रवक्ताले देशसँग अझै पनि सम्भावित आयोजकका रूपमा 'उच्च समर्थन' रहेको पुन: पुष्टि गरे । प्रवक्ताले भने, "हामी प्रशान्त क्षेत्र र अस्ट्रेलियाको राष्ट्रीय हितलाई केन्द्रमा राख्दै टर्कीसँग जिम्मेवार संवाद जारी राख्नेछौं ।"

यसअघि जलवायु मन्त्री क्रिस बोवेनले अस्ट्रेलिया अझै पनि टर्कीको प्रतिस्पर्धालाई पराजित गर्न 'कडा प्रयास' जारी रहेको बताउनुभएको थियो । ब्राजिलमा एएफपीसँग कुरा गर्दै उहाँले भन्नुभयो, "यो कसरी अघि बढ्छ, हामीले हेर्नै बाँकी छ । तर हामी जित्नका लागि पूर्ण रूपमा तयार छौं ।"

अस्ट्रेलियाले टर्कीले प्रस्ताव गरेको 'अध्यक्षता पद साझा गर्ने' विकल्पलाई अस्वीकार गरिसकेको छ । यी जटिल कर्तव्यहरू दुई टाढै रहेका देशबिच बाँडेर सम्भव नहुने अडान क्यानबेराले स्पष्ट जनाएको छ ।

## म्यान्मामा अनलाइन ठगीविरुद्ध कडा कारबाही: सयौँ पक्राउ

याङगुन, मङ्सिर ३ (एएफपी) । म्यान्मा सेनाले बुधबार थाइल्याण्ड सीमा नजिकै रहेको अनलाइन ठगी केन्द्रमा छापा मारेको र करिब ३५० जनालाई गिरफ्तार गरेको जनाएको छ । यो कदम देशभर फैलिएको अवैध अनलाइन ठगी कारोबारमा उच्च-प्रोफाइल कदमको रूपमा लिन सकिन्छ ।

सशस्त्र सङ्घर्ष प्रभावित सिमावर्ती क्षेत्रहरूमा फैलिएका यी ठगी केन्द्रहरूले अनलाइन जुवा ठगीमार्फत वार्षिक रूपमा अर्बौं डलरको नोक्सान पुर्‍याउँदै आएका छन् । सेनाले श्वे कोको क्षेत्रमा गरिएको छापामा करिब १० हजार मोबाइल फोन पनि बरामद गरेको छ । विश्लेषकहरूका अनुसार म्यान्मा सेनाले यस्ता कार्यहरू लामो समयदेखि नजरअन्दाज गर्दै आएको भए पनि, यस पटकको कारबाही चीनको दबाबका कारण पनि भएको देखिन्छ, जसका नागरिकहरू ठगीमा संलग्न र पीडित दुवै बनेका थिए । सरकारले ठगी केन्द्रहरू सञ्चालन गर्न सशस्त्र विपक्षी समूह जिम्मेवार रहेको आरोप लगाएको छ । यस क्षेत्रलाई चिनियाँ-क्याम्बोडियाली व्यवसायी शे झिजियाङको यताइ कम्पनीले चलाएको बताइएको छ, जसलाई हाल चीनमा ठगी र अनलाइन जुवासम्बन्धी आरोपमा पक्राउ गरिएको छ । नजिकैको केके पार्कमा ६०० भन्दा बढी भवनहरू ध्वस्त गरिएको छ भने फरवरीमा गरिएको छापामा सात हजारभन्दा बढी संदिग्ध ठगहरू देश फिर्ता पठाइएको थियो ।

# भक्तपुरका ऐतिहासिक तथा सांस्कृतिक धरोहरहरू

✍ **विश्वराम प्रजापति**

भक्तपुर ऐतिहासिक तथा सांस्कृतिक धरोहरले विश्वमै परिचित सहर हो। यसलाई विश्वका देशहरूले सफा र सुन्दर सहरको रूपमा चिन्न थालेका छन्। स्वदेशी तथा विदेशी पर्यटकहरू घुम्न आउनु यसका प्रमाण हुन्। यो सहर मूर्त तथा अमूर्त ऐतिहासिक तथा सांस्कृतिक सम्पदामा धनी छ। यहाँका सम्पदा, कला, संस्कृति आदि बेजोड नमुनाका छन्। यस सहरभित्र दरबार, मठ, मन्दिर, पोखरी, ढुङ्गेधारा, पाटी, सत्तल, विहार, चैत्य, चाडपर्व, नाचगान, दाफाभजन, बाजागाजा, भेषभूषा, रहनसहन आदि पर्दछन्। भक्तपुर सहरलाई जर्मन सम्पदाविद् निल्स गुत्सोले त्यसै जीवित सङ्ग्रहालय भनेका होइनन्। विश्वका धेरै देश घुमेका अमेरिकी पत्रकार एड्वार्ड अलेक्जान्डर पावेलले 'भक्तपुर सहर घुमेपछि विश्व आधाभन्दा बढी घुमेको सरह हुन्छ' भनेर त्यसै भनेका होइनन्। बेलायती यात्री ई. ए. पावेलले भक्तपुर अवलोकन छुटे आधा संसार छुटेसरह हुने अनुभव त्यसै बताएका होइनन्। इतिहास र संस्कृतिविद्हरूले पनि भक्तपुर सहरलाई नेपालको रोम भनेर उल्लेख गरेका छन्।

यहाँका सम्पदाहरू अग्रजहरूले आफ्नै खुट्टामा उभेर बनाएका थिए। भक्तपुर नगरपालिकाले नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित) ले लेख्नुभएको 'सय वर्षपछिको भक्तपुर' लाई मार्गचित्रको रूपमा लिँदै अग्रज र जनताको साथ र सहयोगमा आफ्नै बलबुट्टामा उभेर बनाउने तथा पुनर्निर्माण गर्ने काम हुँदै आएको छ। कला र संस्कृतिलाई माया गर्ने, शान्ति र विकास चाहने जनताले भक्तपुर सहरलाई अझ राम्रो बनाउने काम गर्दै छन्। यहाँको सांस्कृतिक धरोहर, शिक्षा, स्वास्थ्य, सरसफाइ, प्रशासन आदिको अध्ययन तथा अवलोकन गर्न विभिन्न ठाउँबाट आउने गर्छन्। भक्तपुरलाई ज्ञान विज्ञानको केन्द्र बनाउने सोचअनुसार भक्तपुर त्यतातिर निरन्तर अगाडि बढिरहेको छ। यहाँका सांस्कृतिक सम्पदा, विकास र शान्ति देशकै सम्पत्ति, स्वाभिमान र गौरवका प्रतीक हुन्।

**पाँचतले मन्दिर (ङातापोल्हँ)**



सगरमाथाजस्तै विश्वमा एउटा छुट्टै बेजोड, आकर्षक, सुन्दर, विशेष छाप र पहिचान छोड्न सफल सांस्कृतिक सम्पदामध्ये पाँचतले मन्दिर अर्थात् ङातापोल्हँ पनि एक हो। यो मन्दिर भक्तपुरको टौमढी क्षेत्रमा अवस्थित छ। यो कलाकृति विश्वकै बेजोड धरोहर हो। ने.सं. ८२२ (ई.सं. १७५८) मा राजा भूपतीन्द्र मल्लको पालामा भक्तपुरका जनताले बनाएको अमूल्य सम्पदा ङातापोल्हँ हो। ङातापोल्हँ मन्दिर ने.सं. ८२२ पौष कृष्ण त्रयोदशी बुधबार निर्माण सुरु भएर ने.सं. ८२२ आषाढ सुदि १ प्रतिपदासम्ममा सम्पन्न गरेको थियो। त्यसैले, हरेक प्रतिपदाको दिन यो मन्दिर बनाउने तुछिमलाको अवाले गुठीले सरसफाइ गरेर गजुरमा ध्वजा फहराउने गरिन्छ। ङातापोल्हँको छाना पाँचतले, पाँचकवले र पाँच तह पेटीको संरचनामा निर्माण भएको देखिन्छ। उक्त मन्दिरको खुड्किलाको दायाँबायाँ विभिन्न ढुङ्गाका कलात्मक जोडीका मूर्तिहरू रहेका छन्। सबभन्दा तलको पेटीमा जयमल र प्रताप (कुटुवा/पहलमान) को मूर्ति छ। त्यसभन्दा माथि क्रमशः हात्ती, सिंह, सार्दुल र ब्याघ्रिनी देवीको मूर्ति रहेका छन्। मान्छेभन्दा १० गुणा बलियो पहलमान जयमल र प्रतापको जोडीको मूर्तिदेखि क्रमशः माथिका मूर्तिहरू पनि १०-१० गुणा बलियो भएको जीव र देवता मानिन्छ।

यसको पाँचै तलाको छानामा जम्मा ५२९ वटा वायु घण्टीहरू राखिएका छन्। त्यसमध्ये माथिबाट पहिलो तलामा ४८, दोस्रो तलामा ८०, तेस्रो तलामा १०४, चौथो तलामा १२८ र पाँचौँ तलामा १६८ गरी ५२८ वटा घण्टीहरू राखिएका छन्। यी घण्टीहरू प्रकृति र विज्ञानसम्मत राखिएको पाइन्छ। सामान्यतया घण्टा वा घण्टी मानिसले बजाउने गरिन्छ। तर, यी घण्टीहरू मानिसले नभ्याउने ठाउँमा भएको हुँदा वायुको चापले बजाउँछ। यी घण्टीभित्र जडित डण्डीको तलपट्टि पिपलको पात आकारको पातलो धातुको पातालाई वायुको चापले बज्ने गरिन्छ। यसरी वायुको वेग वा चापले बज्ने वा बजाउने घण्टी भएकोले यसलाई वायु घण्टी र नेपालभाषामा फय् गाँचा पनि भनिन्छ। यो ऐतिहासिक तथा सांस्कृतिक मन्दिरलाई राजा महेन्द्रको पाला (वि.सं. २०१९) मा एक पटक, २०४५ र २०७२ सालको भूकम्पको कारण सामान्य क्षति पुगेकोले भक्तपुर नगरपालिकाले जनताको साथ र सहयोगमा वि.सं. २०५६ र २०७७ मा गरी दुईपटक जीर्णोद्धार गरिसकेको छ।

**पचपन्न झ्याले दरबार**



भक्तपुरको अर्को विश्व प्रसिद्ध ऐतहासिक तथा सांस्कृतिक धरोहर हो - पचपन्न झ्याले दरबार। यो दरबार राजा भूपतीन्द्र मल्लको पाला (ने.सं. ८२७/ई.सं. १७०७) मा जनताले बनाएका थिए। यो दरबारमा ५५ वटा कलात्मक झ्यालहरू रहेका छन्। यसैको नामबाट यो दरबारको नाम पचपन्न झ्याले दरबार नाम रहन गएको पाइन्छ। यस दरबारभित्र वास्तुकला, काष्ठकला र भित्तेचित्र वा कलाका बेजोड अतुल्य सम्पदा रहेका छन्। यसको पहिलो तलाको आयतकार कोठामा बनाइएका कृष्ण चरित्रमा आधारित भित्तेचित्र तथा तान्त्रिक अभ्यासमा तल्लीन रहेको भूपतीन्द्र मल्ल र उनकी रानी विश्वलक्ष्मीको विश्वरूपरूपी भित्तेचित्र बेजोड छ।

उक्त कोठासँगै पूर्वपट्टिको सानो कोठामा भूपतीन्द्र मल्ल र उनका मित्र मकवानपुरका राजा मणिकसेन जङ्गलमा रातको समयमा चिराग बालेर हात्तीको सिकार गरिरहेको र सिकारी कुकुरसहितले वन्यजन्तुको सिकार गरिरहेको चित्रले तत्कालीन राजकीय सम्भ्रान्त जीवनको झलक पनि प्रस्तुत गरेको छ। एकले अर्कोलाई उछिन्ने गरी कलाकृति बनाउने प्रतिस्पर्धात्मक लहर चलिरहेको त्यो युगमा एकैलहरमा पचपन्न वटा झ्याल हालेर बनाइएको यो एकमात्र अतुल्य दरबारको रूपमा खडा छ। यो दरबारको दक्षिण भागमा रहेका झ्याल र तोरणहरूमा शिव परिवारका आकृतिहरू कुँदिएका छन्। त्यसैगरी, दरबारको दक्षिणपूर्वको १४७ वटा स-साना खोपाहरूमा सूक्ष्म आकृतियुक्त राग-रागिनीका नामहरूसमेत कुँदिएका छन्। यस दृष्टिले यो दरबार सङ्गीतमय दरबार पनि रहेछ भन्ने अनुभूति हुन्छ।

**सुवर्णद्वार (लुँ ध्वाका)**



भक्तपुरको अर्को आकर्षक र कलात्मक दरबार क्षेत्रमा पुग्दा सबैको नजर तानिहाल्ने सांस्कृतिक तथा ऐतिहासिक धरोहर सुवर्णद्वार (लुँ ध्वाका) हो। यो तलेजु मन्दिरभित्र प्रवेश गर्ने मूलद्वार हो। यो भक्तपुरका अन्तिम मल्ल राजा रणजित मल्लले ने.सं. ८७४ (ई.सं. १८१०) मा बनाउन लगाएका विश्व सम्पदा हुन्। यो कलात्मक, आकर्षक र सुन्दर द्वारमा भक्तपुर भ्रमणमा आउने विश्वका राष्ट्र प्रमुख, सरकार प्रमुख, मन्त्रीहरू, कूटनीतिज्ञहरू, आन्तरिक तथा बाह्य पर्यटकहरू फोटो नलिइकन जाँदैनन्। भक्तपुर राज्यअन्तर्गत ग्राम प्रदेशहरूबाट उठेको आम्दानी र तिब्बती (चीन) सँगको व्यापारबाट प्राप्त सुन र अन्य लाभहरूबाट आर्थिक स्थिति बलियो हुन पुगेको अनुकूल परिस्थितिमा राजा रणजित मल्लले यो द्वार बनाउने काममा सफलता पाएका छन्। यो द्वारको छानामा तिब्बतको राष्ट्रिय जीव ड्र्यागनको प्रतीक राखिएको पाइन्छ। यसले मित्र राष्ट्र चीन र नेपालबिचको पुरानो र घनिष्ठ सम्बन्ध रहेको देखाउँछ। यो द्वार मल्लकालीन अन्तिम उत्कृष्ट कृति हो। यो मल्लकालीन शासन, प्रशासन, सत्ता र शक्ति प्रधान धर्म संस्कृतिको प्रतीक रहिआएको स्वर्णद्वार धातुकला र वास्तुकलाको अनुपम संयोजनबाट निर्माण भएको पाइन्छ।

**सुनधारा (लुँ हिटी)**



भक्तपुरको आकर्षक, सुन्दर र कलात्मक सांस्कृतिक सम्पदाको अर्को नाम हो - सुनधारा (लुँ हिटी)। यो ने.सं. ८०८ (ई.सं. १७४४) मा राजा जितामित्र मल्लको पालामा बनेको थियो। यही धाराबाट आउने पवित्र पानी तलेजुमा चढाउन र पूजा पाठ गर्न चलाउने गरिन्छ। यो धारा सुन्दर कला र कृतिले भरिएको बेजोड नमुना हो। विशेष प्रकारको जलप्राणी मकरले निल्न लागेको बोकाको टाउको वा मुखबाट पानी आउने भएकोले यो धारालाई नेवारीमा दुगु हिटी पनि भनिन्छ। यसको माथि गङ्गाको बाहन गोही, दुवै छेउमा भेडा, घोडा, कुकुर, कछुवा, नाग, माछा, हाँस, भ्यागुतो, छेपारो, माउसुली, गैँडा, शङ्ख, जलपरीजस्तो देखिने स्त्री आदिको आकृति तथा मूतिहरू देखिन्छ। यसले पानी जीव प्राणीको आधार प्राण हो भनेर सङ्केत गरेको देखिन्छ।

धाराको मुख वा टाउको विशेष जलचर मकरको रहेको छ भने मुखमा निल्न लागेको बोकाको टाउको रहेको छ। त्यहीँ बोकाको मुखबाट पानी बहने गर्दछ। यस जलचरको विशेषता भनेको पानीको स्रोतमा रहेको अशुद्ध फोहर पानी मुखले खाएर, तानेर शुद्ध पारी हात्तीको सुँडजस्तो अङ्गबाट बाहिर धाराको रूपमा फाल्ने वा निकाल्ने (इकोसिस्टम) हो। कहीँकतैको ढुङ्गेधारामा ती विशेष प्रकारको जलचरको मुखमा बोका, बाघ, गाईलगायतका जीवको मुखबाट पानीको धारा बगेको वा निस्केको पाइन्छ। ती विशेष जीव शाकाहारी भएको हुँदा खानेपानीमा त्यस्ता थुप्रै जीव प्राणीहरू पनि हुनसक्छन् भनेर सचेत गराइएको प्रतीकको रूपमा राखिएको मानिन्छ।

**नृत्य वत्सला मन्दिर**

भक्तपुर दरबार क्षेत्रको पश्चिमपट्टिको मूल ढोकाबाट प्रवेश गर्नासाथ देखिने आकर्षक मन्दिर हो - नृत्य वत्सला मन्दिर। वत्स छोराछोरीहरूलाई अति माया गर्ने माता हुन्। त्यही वत्स (स्नेही माता) बाट वत्सला भएको मानिन्छ। यो मन्दिर



प्रस्तरकलाले भरिपूर्ण सांस्कृतिक सम्पदा हो। यो राजा जगतप्रकाश मल्लले ने.सं. ७९२ (ई.सं. १७२९) मा बनाउन लगाएका हुन्। यो ने.सं. ७९२ मार्ग शुदिंमा दरबारअगाडि कलापूर्ण ९ वटा गजुर भएको ल्वहँ देग: (ढुङ्गाको मन्दिर) बनाई वच्छला देवीको मूर्ति स्थापना गर्ने पनि यी नै राजा हुन्।

यो ठुला घण्टासँगैको पश्चिमाभिमुख शिखर शैलीको ९ वटा गजुर भएको सुन्दर ढुङ्गेमन्दिर हो। यो ढुङ्गाले मात्र बनेको हुँदा स्थापनाकालदेखि नै नेवार लोक जीवनमा ल्वहँ देग: भनी प्रख्यात रहिआएको पाइन्छ। यस मन्दिरको गर्भस्थानमा नास द्य: (नित्यनाथ) सहितको तान्त्रिक भाव झल्किने कलात्मक कलश प्रतिस्थापित गरिएको छ।



**थंथु दरबार**

थंथु दरबार पनि सुन्दर दरबार हो। यो दरबार पचपन्न झ्याले




दरबारको उत्तरपूर्वमा अवस्थित छ। यो दरबार ने.सं. ७९८ (ई.सं. १६७८) मा राजा जितामित्र मल्लको पालामा जनताले बनाएका थिए। तर, यो दरबार बनेको ३ वर्षमा नै ने.सं. ८०१ मा महाभूकम्प आएको थियो। भूकम्पबाट यो दरबार ध्वस्त भयो। तत्कालीन भक्तपुर नगर पञ्चायतको कार्यालय रहेको यो भवन पनि २०७२ सालको विनाशकारी भूकम्पले भत्कियो। हाल भक्तपुर नगरपालिकाले रु. ३ करोडको लागत इस्टिमेटमा पुरानो प्राप्त दस्ताबेजको नक्साबमोजिम कलात्मक र सुन्दर थंथु दरबार पुनर्निर्माण गर्दै छ।

भक्तपुरलाई अझ सफा, सुन्दर, आकर्षक सहर बनाउन दरबार क्षेत्रको अनुहारमा नै रहेको ०७२ सालको भूकम्पले क्षति पुऱ्याएको राणाकालीन सेतो भवन, न्हयक्ँ झ्यो दरबारलाई सक्दो छिटो पुनर्निर्माण गर्न तथा मल्लकालीन ९९ चोकको उत्खनन र पुनः निर्माण गर्न भक्तपुर नगरपालिकालाई युनेस्को र पुरातत्त्व विभागले सहयोग गर्नु आवश्यक छ। यसलाई सहयोग गर्ने जनशक्ति तयार गर्न देशभक्त, सभ्य र सृजनशील इन्जिनियरिङ, प्राविधिक नागरिक तयार गर्न भक्तपुर नगरपालिकालाई छिटोभन्दा छिटो ख्वप विश्वविद्यालयको स्वीकृति दिनु आवश्यक छ।

**च्यासिं मण्डप**

च्यासिं मण्डप भक्तपुरको सांस्कृतिक सम्पदाको एउटा सुन्दर र आकर्षक सम्पदा हो। यो ८ कुना भएको मन्दिरमय मण्डप भएकोले यसलाई स्थानीय नेवार लोक जीवनमा च्यासिं देग: वा मण्डपले चर्चित छ। १७ औँ शताब्दीमा भक्तपुरका राजा जगतप्रकाश मल्लको पालामा उनका समकालीन ललितपुरका राजा श्रीनिवास मल्लले ने.सं. ८०४-८०७ (ई.सं. १६८१-१६८४) मा यो मण्डप बनाएका हुन् भन्ने लोककथन चलिआएको छ। यो मण्डप धार्मिक प्रयोजनका लागि भन्दा पनि बढ्ता राजदरबारको सांस्कृतिक मार्ग हुँदै निस्कने जात्रा, पर्व, झाँकी इत्यादि अवलोकन गर्न महत्त्वपूर्ण विषयहरूमा वार्ता, छलफल, भेटघाट आदि प्रयोजनको निम्ति बनाउन लगाइएको मानिन्छ।



**स्रोत :**

१. प्रा.डा. पुरुषोत्तमलोचन श्रेष्ठको 'कान्तिपुर' कोसेलीमा प्रकाशित लेख।
२. पुरातत्त्व विभागको सूचना
३. नृत्य वत्सला मन्दिर पुन: निर्माण पुस्तक - २०७८



दक्षिण अमेरिकी देश भेनेजुयलाको समुद्रमा बुधबार देखिएको अमेरिकी युद्धक विमानवाहक यूएसएस जेराल्ड आर. फोर्ड युद्धपोत र जलसेना। भेनेजुयलामाथि हमला गर्ने अमेरिकी योजनाको संयुक्त राष्ट्र सङ्घ, असंलग्न राष्ट्र आन्दोलन-एनएएम, क्यारिबियाली राष्ट्रहरूको सङ्गठन-सेलाक, अल्बा-टीसीपीलगायत दर्जनौं सङ्घसङ्गठन तथा राष्ट्रहरूले विरोध र निन्दा गरेका छन्। *तस्बिर : ईएफई/टेलिसुर*

# पूर्वप्रधानमन्त्री शेख हसिनाको मृत्युदण्ड र बङ्गलादेशको राजनीतिक भविष्य

ढाका, ३ मङ्सिर (एपी)। मानवताविरूद्धको अपराधको आरोपमा यसै हप्ता बङ्गलादेशकी पूर्वप्रधानमन्त्री शेख हसिनालाई सुनाइएको मृत्युदण्डको सजायलाई उहाँका विरोधीहरूले देशलाई दीर्घकालीन सङ्कटबाट बाहिर निकाल्ने एउटा सम्भावित अवसरका रूपमा हेरेका छन्।

१५ वर्षे शासन हिंसात्मक विद्रोहबिच समाप्त भएपछि गत वर्ष अगस्ट ५ देखि भारतमा निर्वासनमा रहनुभएकी हसिनाले सोमबार भएको फैसलालाई 'पक्षपाती तथा राजनीतिकरूपमा प्रेरित' भन्दै अस्वीकार गर्नुभएको छ।

नोबेल शान्ति पुरस्कार विजेता मुहम्मद युनुसको नेतृत्वमा रहेको बङ्गलादेशको अन्तरिम सरकार विशेषत: हसिना र उहाँका दशकौँ पुराना प्रतिद्वन्द्वीहरूलाई पछि पारेर देशलाई स्थिरतामा फर्काउने चुनौतीका बिच फेब्रुअरीमा विश्वासिलो निर्वाचन गराउन दबाबमा छ।

नयाँ नेतृत्वले आगामी चुनावमार्फत बङ्गलादेशलाई पुन: प्रजातान्त्रिक मार्गमा लैजाने प्रतिबद्धता जनाएको छ। तर अवामी लिगलाई निर्वाचनबाट पूरै अलग राख्ने निर्णयका कारण राजनीतिक ध्रुवीकरणउग्र बनेको विश्लेषकहरू बताउँछन्।

क्यानाडास्थित एसिया प्यासिफिक फाउन्डेसनका वरिष्ठ फेलो माइकल कुगेलम्यान भन्नुहुन्छ, "अन्तरिम सरकारले अवामी लिगमाथि कडा दमन गरेको छ, जसका कारण ध्रुवीकरण ज्वरोजस्तै बढेको छ।" चुनावअघिको सबैभन्दा ठुलो जोखिम भनेकै हिंसा भएको उहाँले बताउनुभयो।

गत वर्ष २०२४ मा भएको दमनमा प्रहरी बल अग्रपङ्क्तिमा रहेकाले अहिले सुरक्षाको मनोबल कमजोर देखिएको र सम्भावित हिंसा नियन्त्रण गर्न राज्यको क्षमता नै प्रश्नमा परेको विश्लेषकहरूको टिप्पणी छ।

फैसलापछि बङ्गलादेशको सुपुर्दगी माग दोहोरिए पनि भारतले हसिनालाई फर्काउने सम्भावना निकै कम देखिन्छ। कुगेलम्यान भन्नुहुन्छ, "उहाँ भारतमै बसेर पार्टीको नेतृत्व गर्न थाल्नुहुनेछ र राजनीतिक परिस्थितिमा अनुकूलता आए फेरि सक्रिय राजनीतिमा फर्किने लामो खेल खेलिरहनुहुनेछ।"

बीबीसी बङ्गाली सेवाका पूर्वप्रमुख विश्लेषक साबिर मुस्तफाका अनुसार हसिनाबिना अवामी लिग कमजोर हुने भए पनि भविष्यमा पुन: उठ्न चाहे सुधार अनिवार्य छ। "यदि उहाँले राजनीति फर्कन चाहनुहुन्छ भने पार्टीको संरचनागत सुधार उहाँ स्वयंले नै आरम्भ गर्नुपर्ने हुन्छ", उहाँको भनाइ छ।

आत्मनिर्भर...

गरिखाने वर्ग मजदुर र किसानको हितमा काम नगर्ने भएकोले नै यहाँका किसानहरूले दु:ख पाइरहेको बताउनुभयो।

स्थानीय किसान चन्द्रबहादुर तामाङले भ्रष्टाचार र पक्षपातको विरोधमा आवाज उठाउन नेपाल मजदुर किसान पार्टी सधैं क्रियाशील हुँदै आएको बताउनुभयो।

नेमकिपाले...

**● अबको चुनावमा नेमकिपाको भूमिका कस्तो रहला ?**

नेमकिपा निर्वाचनलाई एक राजनैतिक सङ्घर्षको रूपमा लिन्छ। जनताको चेतनास्तर उठाउन हरेक निर्वाचनलाई पार्टीले उपयोग गर्दै आएको छ। देश बिग्रेकोमा नेताहरूमात्र होइनन्, जनता पनि दोषी छन्। जनताले सानोतिनो लोभमा खराब मानिसहरूलाई बारम्बार जिताइरहेका छन्। नेमकिपा वैज्ञानिक समाजवादमा विश्वास गर्ने पार्टी हो। पार्टीले पैसा खर्च गरेर चुनाव जित्ने कोसिस गर्दैन। तुलनात्मकरूपमा जनता विगतमा भन्दा राजनैतिकरूपले सचेत बन्दै छन्। नेमकिपाले जितेका जनप्रतिनिधिहरूले इमानदारीपूर्वक काम गर्दै छन्। नेमकिपा राजनीतिलाई जनताको सेवा गर्ने ठाउँको रूपमा लिन्छ।

देश बनाउने सबैको साझा जिम्मेवारी हो। जनताले धेरैपटक धोखा पाएपछि शासक दललाई खबरदारी गर्ने काम गर्दै छन्। चुनाव बिथोल्न पनि धेरै शक्तिहरू लागिपरेका छन्। चुनाव घोषणा भइसकेको हुँदा चुनाव शान्तिपूर्ण अवस्थामा सम्पन्न गर्नुपर्ने पक्षमा नेमकिपा उभिएको छ। तोकिएको समयमा चुनाव भयो भने देशलाई थप बिग्रनबाट जोगाउन सकिन्छ।

**● अहिले स–साना कम्युनिस्ट पार्टी मिलेर नयाँ पार्टी गठन गरेको छ। यसमा के भन्न चाहनुहुन्छ ?**

विचार र सिद्धान्त नमिलेकाहरूबिच एकताको अर्थ हुँदैन। स्वार्थका लागि मिलेकाहरू स्वार्थकै निम्ति फेरि फुट्ने छन्। सिद्धान्तहीन एकताभन्दा फुट झन् राम्रो हुन्छ। एकीकृत समाजवादी, माओवादीलगायतका पार्टीहरूबिचको एकता लामो समय टिक्न गाह्रो हुन्छ। सरकारमा जाने, मन्त्री बन्ने स्वार्थमा यी पार्टीहरू एकता भएका हुन्। विचार र सिद्धान्तलाई भन्दा स्वार्थको लागि मिलेका हुन् यिनीहरू।

जे गरेर पनि सरकारमा जाने ती पार्टीहरूको उद्देश्य थियो र छ। संसदीय मूल्य र मान्यताविपरीत काङ्ग्रेस र एमाले मिलेर पनि सरकार बनाए। युवा पुस्तामा दलहरूप्रति असन्तोष हुनुको त्यो पनि एक कारण हो। जेन-जी आन्दोलनलाई युवा पुस्ताले राजनीतिक दलप्रति असन्तोष पोखेको रूपमा लिन सकिन्छ। शासक दलका नेता र कार्यकर्ताहरूले राजनीतिलाई छोटो समयमा व्यापारीले भन्दा धेरै धन आर्जन गर्ने अवसरको रूपमा लिए। त्यो गलत थियो। राजनीतिकर्मीहरूमा समाजसेवा वा स्वयम्सेवी भावना हुनुपर्छ। अहिलेका दलका नेता कार्यकर्ताहरूमा त्यसैको खडेरी छ।

**● भक्तपुर नगरपालिकाको भावी योजनाहरू के के छन् ?**

ख्वप विश्वविद्यालय स्थापनाको लागि जोड दिइरहेका छौँ। अरनिको सभाभवन निर्माणाधीन अवस्थामा छ। भक्तपुरको खोला सुधार गरी भक्तपुरलाई सुन्दर र आकर्षक नगर बनाउन लागिपरेका छौँ। जनताको विश्वास जितेर काम गरिरहेका छौँ। विभिन्न स्थानीय तहको अध्ययन भ्रमण र विचार आदानप्रदानमा पनि हामीले जोड दिँदै आएका छौँ। जनतालाई राजनैतिकरूपमा सचेत र सङ्गठित गर्ने काम पनि गर्दै आएका छौँ। हामी जनताको सेवामा समर्पित भएर काम गर्दैछौँ।


## मित्रता बचत तथा ऋण सहकारी संस्था लि.

कमलविनायक, भक्तपुर

## १७ औं वार्षिक साधारणसभामा उपस्थित हुने सम्बन्धमा

यस संस्थाको मिति २०८२ साल कार्तिक १४ गते बसेको सञ्चालक समितिको बैठकको निर्णयानुसार (१७) औं वार्षिक साधारणसभामा निम्न विषयहरूउपर छलफल तथा निर्णय गर्न निम्न मिति, स्थान र समयमा बस्ने भएको हुँदा यहाँको उपस्थितिको लागि हार्दिक अनुरोध गर्दछौं।

**साधारणसभा हुने मिति, स्थान र समय**

मिति : २०८२/०९/०५ गते, शनिबार।
स्थान : मित्रता बचत तथा ऋण सहकारी संस्था लि.को कार्यालय, कमलविनायक, भक्तपुर।
समय : बिहान ८:०० बजेदेखि १२:०० बजेसम्म।

**साधारणसभामा छलफल तथा निर्णयको लागि प्रस्तुत हुने विषयहरु:**

१. सञ्चालक समितिको तर्फबाट अध्यक्षबाट प्रस्तुत २०८१/०८२ को वार्षिक प्रतिवेदन पारित गर्ने।
२. आ.व. २०८१/०८२ को वित्तीय विवरण तथा लेखापरीक्षण प्रतिवेदनउपर छलफल तथा अनुमोदन गर्ने।
३. आ.व. २०८१/०८२ मा सञ्चालक समितिले गरेका सम्पूर्ण निर्णय तथा कार्यहरू अनुमोदन गर्ने।
५. आ.व. २०८१/०८२ को अन्य कोषहरूमा रहेको रकमलाई जगेडा कोषमा रकमान्तर गरेको पारित गर्ने।
६. आ.व २०८२/०८३ को लागि लेखापरीक्षकको नियुक्ति तथा निजको पारिश्रमिक निर्धारण गर्ने।
६. सञ्चालक समिति तथा लेखा सुपरिवेक्षण समितिको निर्वाचन गर्ने।
७. साधारणसभाको निर्णयपुस्तिका प्रमाणित गर्न प्रतिनिधिहरू मनोनीत गर्ने।
८. विविध।

*सञ्चालक समिति*



## ख्वप अस्पताल

KHWOPA HOSPITAL

च्याम्हासिंह, भक्तपुर-९

## बोलपत्र/ सिलबन्दी दरभाउपत्र स्वीकृत गर्ने आशयको सूचना

**प्रकाशित मिति : २०८२ मङ्सिर ०४**

यस अस्पतालको फार्मेसी शाखा प्रयोजनको लागि औषधि तथा औषधिजन्य सामग्रीहरू EGP System मार्फत खरिद गर्न मिति २०८२ जेठ २५ गते प्रकाशित बोलपत्रसम्बन्धी सूचनाबमोजिम पर्न आएका २६ थान विद्युतीय बोलपत्रहरूमध्ये तपसिलमा उल्लेखित बोलपत्रहरू न्यून मूल्याङ्कित सारभूत रूपमा प्रभावग्राही भई आंशिक रूपमा स्वीकृतिको लागि छनोट भएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा २ र ३ बमोजिम स्वीकृत गर्ने आशयको सूचना सम्बन्धित बोलपत्रदाता/दरभाउपत्रदाताहरूको जानकारीका लागि प्रकाशित गरिएको छ।

तपशिल (क)

Supply and Delivery of Medicine and Surgical Items. IFB No.KH//NCB/MSI/०१/०८२/८३

| S.No. | Name of Suppliers | No.of Items Selected | | | | | | Total Items |
|---|---|---|---|---|---|---|---|---|
| | | Package 1 | Package 2 | Package 3 | Package 4 | Package 5 | Package 6 | |
| 1. | Bhaktapur Pharmaceutical Pvt.Ltd | 46 | 15 | | | | | 61 |
| 2. | Bluemoon Meditech Pharma | 19 | 3 | 3 | 2 | 26 | | 53 |
| 3. | Integrated Medicine Suppliers | 2 | | | | | | 2 |
| 4. | Jaya Saibaba Surgical House Pvt.Ltd | | | | | 16 | | 16 |
| 5. | Quest Pharmaceuticals. Pvt.Ltd | 54 | | | | | | 54 |
| 6. | Rishav Surgical Suppliers Pvt.Ltd | | | | | 6 | 16 | 22 |
| 7. | Sohan Medi Health | 106 | 20 | | | 1 | | 127 |
| 8. | Sunbridge International Pvt. Ltd | | | | | 110 | 8 | 118 |
| 9. | The Solution Meditech Pvt. Ltd | 13 | 5 | | | | | 18 |
| | **Total** | **240** | **43** | **3** | **2** | **159** | **24** | **471** |



## हार्दिक समवेदना



जन्म
२०३६/५/१८

निधन
२०८२/८/१

यस संस्थाका सदस्यता नं. १३८४ का सदस्य **लक्ष्मीश्वरी खाईतू**को असामयिक निधन भएकोमा भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकाकुल परिवारजनमा हार्दिक समवेदना प्रकट गर्दछौं।

**संगम बचत तथा ऋण सहकारी संस्था लि.**

ख:लाँ, भक्तपुर-४


प्रकाशक तथा कार्यकारी सम्पादक: उद्धव सुजखु★सम्पादक: विष्णुगोपाल कुसी ★ कार्यालय: कमलविनायक, भक्तपुर, फोन नं. ६६१०९२१, फ्याक्स: ६६१३२०७, E-mail: majdurdaily@gmail.com ★ विज्ञापन शाखा: ६६१९१०७/६६२०५५९, E-mail: majdurdailybigyapan@gmail.com ★ मुद्रक: सिद्धिगणेश अफसेट प्रेस, चोर्चा